का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक ३२३

❑ २ माघ २०७८, आइतबार

❑ 16 January 2022, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।




सीमा विवाद

## भारतको अडान कायमै

भारतले विज्ञप्तिमार्फत सीमा विवादको विषयमा अन्तर सरकारी संयन्त्रको माध्यमबाट छलफल गर्नु उपयुक्त हुने उल्लेख गरेको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ



नेपाल र भारतबीचको सीमा विवादबारे भारतले मुख खोलेको छ । नेपालस्थित भारतीय दूतावासले शनिबार एक विज्ञप्ति जारी गर्दै सीमा विवादमा भारतको धारण यथावत नै रहेको बताएको छ । दूतावासले सीमा विवादबारे भारतको धारणा नेपाल सरकारलाई जानकारी गराइसकेको बताएको हो ।

विज्ञप्तिमा विवादको विषयमा अन्तर सरकारी संयन्त्रको माध्यमबाट छलफल गर्नु उपयुक्त हुने उल्लेख छ । भारतीय दूतावासले शनिबार सार्वजनिक गरेको विज्ञप्तिमा सीमाबारे भारत सरकारको धारणा स्थिर र प्रष्ट रहेको भन्दै यस्तो बताएको हो ।

'भारत- नेपाल सीमाका सम्बन्धमा भारत सरकारको धारणा सार्वजनिक रूपमा यथावत र स्पष्ट रहेको छ,' दूतावासका प्रवक्ता नवीन कुमारद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'दुई मुलुकबीच स्थापित अन्तरसरकारी संयन्त्रहरू वार्ता र संवादका लागि सबैभन्दा उपयुक्त माध्यम हुन् भन्ने हाम्रो धारणा रहेको छ । दुई पक्षबीच सुल्झाउन बाँकी रहेका सीमासम्बन्धी विषयहरूलाई सधैं हाम्रो निकट तथा मैत्रीपूर्ण द्विपक्षीय सम्बन्धको मर्मका आधारमा सम्बोधन गर्न सकिन्छ ।'

भारतले सन् २०१४ मा नेपालको सुस्ता र कालापानी क्षेत्रको सीमा विवादको लागि समाधान गर्न परराष्ट्र सचिव स्तरीय संयन्त्र मार्फत सीमा विवादको समस्या समाधान गर्नु पर्छ भन्ने अडान राखेको हो । तर नेपालले भारतलाई कूटनीतिक वार्ताको लागि लगातार रुपमा विगत दुई वर्षदेखि पहल गर्दा पनि वार्तामा आउन मानेको छैन । तर हाल भने नेपाल सरकारले वार्ताका लागि कुनै पहल गरेको छैन ।

गत पुस १५ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लिपुलेकमा भारतले सडक निर्माण गरिरहेको भन्दै अभिव्यक्ति दिएका थिए । मोदीको उक्त अभिव्यक्ति पछि नेपालमा चौतर्फी विरोध हुँदै आएको छ ।

– बाँकी पृष्ठ २ मा

## लकडाउन नगर्न सुझाव

■ खोप अभियानलाई प्रभावकारी बनाइने ■ अग्रपंक्तिमा खटिनेलाई प्रोत्साहन गरिने

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ माघ

नेपालमा कोरोना भाइरस संक्रमणदर पुनः उकालो लाग्न थालेको छ । कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनसहितको संक्रमण फैलिएसँगै कोरोना संक्रमितको संख्या पनि दिनप्रतिदिन उकालो लाग्दै गएको हो । संक्रमण फैलने क्रम तीव्र हुँदै गएपछि सरकारले नियन्त्रणका लागि केही कडा व्यवस्थाहरु लागू गरेको छ । सँगसँगै देशमा पुनः लकडाउन हुने हो कि भन्ने प्रश्न पनि जनमानसमा उठ्न थालेको छ । तर चिकित्सकहरुले तत्कालै देशव्यापी लकडाउन नगर्न प्रधानमन्त्री शेरबहादुर देउवालाई सुझाव दिएका छन् ।

कोरोना संक्रमणको अवस्था र नियन्त्रणबारे शनिबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा प्रधानमन्त्री देउवाले विशेषज्ञ चिकित्सकहरुसँग छलफल गरेका थिए । उक्त छलफलमा सहभागी चिकित्सकहरुले तत्काल देशव्यापी लकडाउन नगर्न प्रधानमन्त्री देउवालाई सुझाव दिएका हुन् ।

छलफलमा नेपालमा कोरोना संक्रमणको विद्यमान अवस्था, आगामी दिनमा कसरी अगाडि बढ्ने तथा बढिरहेको संक्रमणदरलाई कसरी रोक्ने भन्ने विषयमा विशेषज्ञले सुझाव राखेका थिए । सो क्रममा उनीहरुले संक्रमण नियन्त्रणका लागि खोप अभियानलाई व्यवस्थित बनाएर तिव्रता दिनुपर्ने सुझाव दिएका छन् ।

चिकित्सकहरुले सरकारले जारी गरेका आदेशको कार्यान्वयन गर्न क्रियाशील हुनुपर्नेमा जोड दिएका थिए । अनावश्यक भीडभाड नगर्ने, अत्यावश्यक अवस्थामा बाहेक घर बाहिर ननिस्कने भनी सरकारले भनिरहे पनि अझै पनि भीडभाड देखिएको भन्दै चिकित्सकहरूले त्यसलाई रोक्न कडा कदम चाल्नुपर्ने बताएका छन् ।

छलफलका क्रममा प्रधानमन्त्री देउवाले खोप अभियानलाई प्रभावकारी बनाइने बताए ।

– बाँकी पृष्ठ २ मा



'कोरोना संक्रमण नियन्त्रणका लागि तेरो पार्टी, मेरो पार्टी नभनी सबै एकजुट भएर लाग्नुपर्छ'

■ **शेरबहादुर देउवा**
प्रधानमन्त्री

### एमालेको ध्यानाकर्षण

प्रमुख प्रतिपक्षी नेकपा एमालेले कोभिड नियन्त्रण गर्न माग गर्दै सरकारको ध्यानाकर्षण गराएको छ । एमाले उपाध्यक्ष सुवास नेम्वाङको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीलाई कोभिड रोकथाम र उपचारका बारेमा ज्ञापनपत्र बुझाएको हो । एमालेले आफ्नो पार्टी नेतृत्वको सरकारले व्यवस्था गरेको कोभिडविरुद्धको खोपको समेत प्रभावकारी परिचालन गर्न नसकेको भन्दै सरकारको आलोचना गरेको छ । त्यसैगरी एमालेले बालिबालिका, गर्भवती, वृद्धवृद्धा, असक्तहरुलाई घरघरमै सो खोपको व्यवस्था गर्न पनि सरकारसँग माग गरेको छ ।

एमालेका सचिव एवम् स्वास्थ्य तथा जनसंख्या विभाग प्रमुख योगेशकुमार भट्टराईले सो महामारी नियन्त्रणका लागि स्थानीय तह र स्थानीय स्वास्थ्य ईकाईसम्म स्रोतसाधन र जनशक्ति पर्याप्त मात्रामा उपलब्ध गराउन पनि प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको बताए । एमालेले ज्ञापन पत्रमार्फत् कोभिड नियन्त्रणका लागि थप जनशक्ति परिचालन गर्न, संक्रमितहरुको उपचारका लागि आवश्यक अस्पताल,

– बाँकी पृष्ठ २ मा

## मानवीय सहयाता पठाउँदै नेपाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

नेपालले तालिबानले सत्ता कब्जा गरेको मुलुक अफगानिस्तानलाई मानवीय सहायता गर्ने भएको छ । नेपाली जनताका तर्फबाट अफगान जनतालाई सहयोग गर्न लागिएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका अनुसार खाद्यान्न, लत्ताकपडा र औषधी अफगानिस्तान पठाइने छ । सहायता सामग्री पठाउनुअघि परराष्ट्रमन्त्री नारायण खड्काले त्रिभुवन विमानस्थलमा पत्रकार सम्मेलन गर्ने कार्यक्रम रहेको मन्त्रालयले जानकारी दिएको छ ।

अन्तर्राष्ट्रिय मिडियामार्फत दैनिकजसो अफगानिस्तानका नागरिकको चीत्कार सुनेपछि नेपाल सरकारको तर्फबाट पनि मानवीय सहायता उपलब्ध गराउने निर्णय भएको परराष्ट्रमन्त्री नारायण खड्काले बताएका छन् । मन्त्री खड्काले नेपालले आफ्नै विमानमार्फत् उपलब्ध गराउने यो मानवीय सहायता इतिहासमै पहिलो हुने दाबी समेत गरे । आइतबार नै काबुलमा त्यहाँस्थित संयुक्त राष्ट्र संघका प्रतिनिधिलाई नेपालले सो मानवीय सहायता सामग्री हस्तान्तरण गर्ने मन्त्रालयले जानकारी दिएको छ ।

यो सहायता सामग्री वितरणपछि नेपालको छवी अन्तराष्ट्रिय जगतमा बढ्ने मन्त्री खड्काको विश्वास छ । साथै नेपाल विश्वका कुनै पनि भेगका नागरिकलाई मानवीय सहायता गर्न समक्ष भन्ने सन्देश जाने पनि मन्त्री खड्काको भनाइ छ । नेपालले विपद्मा आफूले सहायता लिने तर अरुलाई सहायता नदिने छवी सुधारका लागि पनि अफगानिस्तानका नागरिकलाई मानवीय सहायता पठाउने सोच आफूले अघि सारेको मन्त्री खड्काले बताए ।

संयुक्त राष्ट्र संघले यो हिउँदमा अफगानिस्तानमा ठूलो भोकमरीको समस्या आउने जनाएको छ । लाखौंको संख्यामा बालबालिकाहरु खानाको अभावमा मृत्यु हुने उसले चेतावनी दिँदै मानवीय सहायताका लागि विश्व समूदायलाई अपिल गर्दै आएको छ ।

त्यस्तै ५ वर्षमुनिका झन्डै ३२ लाख बालबालिका कुपोषणको सिकार हुनसक्ने राष्ट्रसंघले जनाएको छ । राष्ट्रसंघले अफगानिस्तानमा अहिले देखिएको खाद्य संकटको समस्या समाधानका लागि प्रतिमहिना २२० मिलियन अमेरिकी डलर चाहिने पनि उल्लेख गरेको छ । सोही तथ्यांकलाई मध्यनजर गर्दै राष्ट्रसंघले तत्काल पर्याप्त खाद्यान्न र औषधोपचार नपाउने हो भने करिब १० लाख बालबालिकाको मृत्यु हुन

– बाँकी पृष्ठ २ मा

## मलेसियाले जनवरी अन्तिमदेखि विदेशी कामदार लैजाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

मलेसियाले आगामी हुई सातादेखि बिदेशी कामदार भित्र्याउने भटको छ । मलेलियावे यहि जनवरी २८ बाट विदेशी कामदार लिमे भएको हो । शुरूमा प्लानटेशन क्षेत्रमा विदेशी कामदार लैजाने र आगामी फेब्रुअरी १५ तारेखदेखि उत्पादन, सुरक्षा, सेवा तथा घरेलु सहायकमा विदेशी कामदार लैजाने मलेसियाको मानव संशाधन मन्त्रालयले शनिबार जनाएको छ ।

उक्त मन्त्रालयको विज्ञप्ति अनुसार प्लान्टेशनमा ३० हजार विदेशी कामदार भर्ना गरिने छ । प्लान्टेशनमा मलेसियाले नेपालसहित स्रोत मुलुकहरूबाट कामदार लैजाने गरेको छ ।

अनलाइनबाट विदेशी कामदारको माग गर्न रोजगारदाताहरूलाई मन्त्रालयले आह्वान गरेको छ । विदेशी कामदार ल्याउन क्वारेन्टिनलगायतका सबै मापदण्ड पूरा गरिएको भन्दै मलेसियाका मानव शंसाधन मन्त्री एम शाराभाननले रोजगारदाताले अबदेखि विदेशी कामदार लैजान गृह र मानव संशाधन मन्त्रालयबाट विशेष अनुमति लिन जरुरी नभएको बताएका छन् ।

मलेसियाले कोरोना भाइरस (कोभिड-१९) संक्रमण बढेपछि दुई वर्षअघिबाट विदेशी कामदार लगेको छैन । विदेशी कामदार नहुँदा उत्पादनमा संकुचन आएको रोजगारदाताहरूको गुनासो छ । मलेसियाले विदेशी श्रमिक

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### साउदीमा अलपत्र १६ नेपाली कामदारको उद्धार

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १ माघ



साउदी अरबमा अलपत्र परेका १६ जना नेपाली कामदरहरुको उद्गार गरिएको छ । वैदेशिक रोजगारीका लागि साउदी पुगेका १६ जना कामदारहरुरो सामाजिक अभियन्ताहरूले उद्धार गरेका हुन् । ती १६ जना नेपाली ९ महिनादेखि तलबविहीन भएर अलपत्र परेका थिए । उनीहरूलाई समाजिक अभियान्ताहरुको पहलमा उद्धार

– बाँकी पृष्ठ २ मा

### पुनः श्रम स्वीकृति आजबाट अनलाइनबाट मात्रै

काठमाडौं/रासस- वैदेशिक रोजगार कार्यालय काठमाडौंले आइतबारदेखि अनलाइन प्रणालीबाट मात्र पुनः श्रम स्वीकृति दिने भएको छ। २०७७ पुसबाट भौतिक उपस्थिति र अनलाइन दुवै माध्यमबाट पुनः श्रम स्वीकृतिको काम भइरहेकामा अबदेखि अनलाइनबाट मात्र पुनः श्रम स्वीकृतिको काम हुनेछ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठका अनुसार अनलाइन प्रणालीबाट मात्र पुनः श्रम स्वीकृति जारी हुने व्यवस्थाले वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पुगेर घर बिदामा आएका नेपाली कामदारले पुनः श्रम स्वीकृति लिन वैदेशिक रोजगार

– बाँकी पृष्ठ २ मा

प्रेस विज्ञप्ति

हाम्रो छाता संघ नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २९ औं वार्षिक साधारण सभा तथा नयाँ कार्यसमितिको चयन गर्न संघको कार्यसमितिले मिति २०७८/०९/३० गते साधारण सभा गर्ने र नयाँ कार्य समिति निर्वाचन गर्ने उद्देश्यका साथ साधारण सभा बोलाइएको र विधान बमोजिम कार्यसमिति निर्वाचनका लागि श्री रविन्द्र सेरचनको संयोजकत्वमा ३ सदस्यीय निर्वाचन समिति गठन भई निर्वाचनको प्रक्रियासमेत प्रारम्भ भएको थियो । संघको नयाँ कार्य समिति चयन गर्दा व्यवसायीका बीचमा प्यानलवद्ध निर्वाचन हुने, आपसी तिक्तता, मनमुटाव हुने र त्यसको तुष लामो समयसम्म रहिरहने कारणले व्यवसायीका बीचको एकता खण्डित हुने, समग्रमा व्यवसायीको शक्ति कमजोर हुने र सामूहिक हितसमेत नहुने अवस्थालाई मध्यनजर गरेर यस पटक सबै व्यवसायी संस्थाहरुलाई समेटेर सबै व्यवसायीले अपनत्व स्वीकार गर्ने गरी सर्वसम्मत कार्य समिति चयन गरी व्यवसायीका समस्या समाधानका निम्ती एकतावद्ध संघ निर्माण गर्नका लागि का.वा. अध्यक्ष श्री कमल तामाङज्यूको अध्यक्षतमा गठित सर्वपक्षीय समितिमा हाम्रो संगठनले पनि प्रतिनिधि पठाई सर्वसम्मतीको कार्य समिति चयन गर्न भूमिका खेलेको थियो । उक्त समितिले संघको कार्य समितिमा सबै पक्षको प्रतिनिधित्व हुने गरी पद बाँडफाँड गरी २०७८/०९/२३ मा सर्वसम्मत निर्णय गरेको र सोही निर्णयलाई शिरोधार्य गरी हाम्रो संगठनको तर्फबाट पनि हाम्रो तर्फ छुट्याइएका पदहरुमा निर्वाचन तालिका अनुरुप उम्मेद्वारी मनोनयनसमेत गरी सर्वसम्मत कार्य समिति निर्वाचनमा अग्रणि भूमिका खेलेको कुरा सम्पूर्ण व्यवसायीज्यूहरुलाई अवगत नै छ ।

सम्पूर्ण व्यवसायीहरुको भावनाअनुसार समयमा नै संघको साधारण सभा गरी कार्य समितिको निर्वाचन सम्पन्न गर्न पर्नेमा निर्वाचन समिति नै भंग गरी साधारण सभासमेत तोकिएको समयमा नगरी कार्य समिति र संघलाई समेत अवैधानिकतातर्फ लैजाने गरी भएका गतिविधिहरुप्रति हाम्रो संगठन असहमति प्रकट गर्दछ । यथाशीघ्र संघको साधारण सभा घोषणा गरी बाँकी रहेको निर्वाचनको प्रक्रियालाई अविलम्ब सुचारु गरी संघलाई सर्वसम्मत कार्य समिति दिने र व्यवसायीको एकता, सामूहिकतालाई अक्षुण राख्दै, व्यवसायीको शक्ति केन्द्रिकृत गरी व्यवसायीका तमाम मुद्दाहरु सम्बोधन गर्नेतर्फ भूमिका निर्वाह गर्न जिम्मेवार सम्बन्धित पक्षहरु र आम व्यवसायीहरुमा हार्दिक अपिल गर्दछौं ।

सन्त कुमार लामा
अध्यक्ष

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, नेपाल
Sinamangal-9, Sambhu Marg, Kathmandu, Nepal, E-mail: uafeenepal@gmail.com

# सर्लाहीमा हत्या गरी फरार तीन पक्राउ

## हत्याको कारण अवैध सम्बन्ध

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १ माघ

सर्लाहीमा ज्यान सम्बन्धी कसुरमा फरार आरोपीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीका अनुसार सर्लाही, बरहथवा नगरपालिका वडा नं. १० कटानी टोल बस्ने सुरत राम महराको श्रीमती ३२ वर्षीया सावित्री कुमारी महरा गत पुस १७ गतेका दिन विरगंज औषधि गराउन जान्छु भनि घरबाट निस्किएकी थिइन्।

उनी घर फर्की नआएको भनी मौखिक उजुरी प्रहरी समक्ष आएको थियो। सो उजुरीका आधारमा श्रीमती महरालाई खोजतलास गर्दै जाँदा पुस २३ गते बिहान करिव साँढे दश बजे सर्लाही बरहथवा न.पा.वडा नं.१० स्थित राम छविला साहको उखु खेतभित्र महराको हत्या गरी आधा शरीर जलाएको अवस्थामा शव भेटिएको थियो।

त्यसपश्चात सो सम्बन्धी कसुर मुद्दाको अनुसन्धान तथा कारबाहीको शिलशिलामा ईलाका प्रहरी कार्यालय बरहथवाबाट खटिएको टोलीले प्राविधिक अनुसन्धान तथा छानविन गर्दा सर्लाही हरिवन नगरपालिका वडा न.१० ताईवान टोल बस्ने मनोज लाल साह बनियाको



छोरा करिब २७ वर्षीय सन्तोष साह, सोही ठाउँ बस्ने राम बहादुर ब्लोनको छोरा करिब २७ वर्षीय मुकेश ब्लोन र दिपेन्द्र हजराको छोरा करिब २२ वर्षीय रोहित हजरा समेतको उक्त घटनामा संलग्नता रहेको देखिएको प्रहरीले जनाएको छ।

आरोपीहरुलाई जरुरी पक्राउ पुर्जी दिई पक्राउ गरी सर्लाही जिल्ला अदालतबाट ७ दिनको म्याद थप गराई कारबाहीको प्रक्रिया अगाडि बढाइएको ईलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ।

आरोपीमध्ये सन्तोष साह र मृतक महिला ८/९ महिना पहिला जग्गा खरिद गर्ने भनी जग्गा हेर्ने क्रममा मृतक महिलाको बुवामार्फत विदेशमा रहेका मृतकको श्रीमान र श्रीमानबाट चिनजान भएको, जग्गा खरिद गर्न दुई लाख रुपैयाँसमेत मृतकले सन्तोष साहलाई बैना दिएपश्चात मृतक र सन्तोष साहबीच पटक पटक सम्पर्क भई निजहरू एक अर्काको समीप भइसकेको, विगत केही दिनदेखि मृतक महिलाले सन्तोष साहलाईसँगै लिएर भाग्ने भनी दबाब दिँदै आएको र साह पहिला नै विवाहित भई बुवा समेत भरखरै स्वर्गवास भएको तथा मृतक महिलालेसँगै बस्ने दबाब दिएकोले उक्त समस्यालाई समाधान गर्न निज महिला हाल मृतकलाई मार्ने योजना बनाएको लगायत तथ्यहरु अनुसन्धानबाट बाहिर आएको प्रहरीले जनाएको छ।

आरोपी साहले प्रयोग गर्ने रियलमी कम्पनीको ९८६६३०२३६३/९८२८००४२८३ नम्बरको सिमसहितको मोबाइल फोन -१, मुकेश ब्लोनले प्रयोग गर्ने नोकिया कम्पनीको कि पैडबाला कालो रङको ९८४७३१५४७३/ ९८०७६२९१५७ नम्बरको सिम प्रयोग भएको मोबाइल फोन-१ थान र साह समेतले देखए अनुसार जिल्ला सर्लाही बरहथवा न.पा. वाड न.९ स्थित सोल्टी गेटबाट २०० फिट पश्चिम सोल्टी जाने सडक खण्डको दक्षिण छेउमा मृतकको ब्याग, ब्लाङ्केट, घरको तालाको साचो, चुरा, काइयो, सिंदुर, साबुन, फेयर लभली क्रीम, लिपिस्टिक, बिन्दी आदि लगायतको दशी प्रमाणहरु अनुसन्धानबाट बरामद भएको पनि प्रहरीले जनाएको छ।

यसैगरी महिलाले लगाउने चप्पल-१, नीलो रङको लाइटर-१, महिलाले ओढ्ने रातो रङको सल-१, जलेको अवस्थामा पानीको मिनरल वाटर-१, पुरुषले लगाउने टोपी-१, नगद एक हजार रुपैयाँलगायतको सामानहरु घटनास्थलबाट बरामद भएको प्रहरीले जानकारी दिएको छ।

# सुनवलबाट महिला बेपत्ता, खोजी गरिदिन परिवारको आग्रह

**रेशम अधिकारी/मध्यान्ह**
सुनवल, १ माघ

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सुनवल नगरपालिकाबाट एक महिला तीन दिनदेखि वेपत्ता भएकी छिन्।

नगरपालिकाको वडा नं. १०, गैडाखाल केरावारीकी २३ वर्षीया अनिता दर्जी शुक्रबार दिउँसो करिब २ बजेदेखि हराएको उनका श्रीमान झवि बहादुर दर्जीले बताए। तीन वर्षीया छोरीकी आमा समेत रहेकी दर्जी शुक्रबार दिउँसो पौने २ बजेतिर



किस्ता तिर्न भनी घरबाट हिँडेको र त्यसपछि नफर्किएको उनको परिवारले जनाएको छ।

गोरो वर्णकी कालो पाइण्ट, कालो स्वीटर र सेतो जुत्ता लगाएकी उनी हराएको निवेदन सोही दिन नजिकैको सोमनाथ प्रहरी चौकीमा दिएको श्रीमान दर्जीले बताए। सोमनाथ प्रहरी चौकीका इन्चार्ज कृष्ण धितालले यसबारे निवेदन परेको र अनुसन्धान अगाडि बढाइएको मध्यान्हलाई जानकारी दिए।

मुटुको रोगी समेत रहेकी ३ वर्षीया छोरी समेतलाई घरमै छाडेर गएकी अनितालाई खोजिदिन उनका श्रीमानले अनुरोध गरेका छन्। उनलाई भेट्ने जोकोहिले नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिन पनि उनको अनुरोध छ।

# सिस्ने गाउँपालिकामा सूचना केन्द्र शुभारम्भ

**रुकुम (पूर्व)/मस-** रुकुमपूर्व सिस्ने गाउँपालिकामा ग्रामीण सूचना केन्द्रको उद्घाटन गरिएको छ। गाउँपालिकाकी अध्यक्ष कुमारी बरालले गाउँपालिका परिसरमा स्थापना गरिएको सूचना केन्द्रको रिवन काटेर उद्घाटन गरेकी हुन्।

नेप्लिज एशोसिएसन अफ फलोरिडाको संयोजन तथा ग्लोबल नेप्लिज आईसिटी कन्सोर्टिएम र सिस्ने गाउँपालिकाको आर्थिक सहयोगमा ग्रामीण सूचना केन्द्रको कार्यालय स्थापना गरिएको छ। युवा विकास केन्द्र सिस्नेद्वारा सञ्चालन गरिने ग्रामीण सूचना केन्द्रले अब गाउँ सम्म पनि सूचना प्रविधिको पहुँचमा पुर्‍याउने उद्देश्यले कार्यालय स्थापना गरिएको छ।

सूचना प्रविधि सम्बन्धि विभिन्न देशमा काम गरिराखेका व्यक्तित्वहरुले सिस्नेमा ग्रामीण सूचना केन्द्र स्थापनाका लागि आर्थिक तथा प्राविधिक सहयोग गरेका हुन्। वाइफाइ जडान सहित ३ कम्प्युटर, २ ल्यापटोक, एक प्रिन्टर, एक फोटोकपी मेसिन लगायत कार्यालय स्थापना गर्दा ग्लोबल नेप्लिज आईसिटी कन्सोर्टिएमको ५ लाख रुपैयाँ बराबरको लगानीमा सूचना केन्द्र स्थापना गरिएको युवा विकास केन्द्र सिस्नेका अध्यक्ष गोपाल पुनले बताए।

नेप्लिज एशोसिएसन अफ फलोरिडाका संयोजक नारायण न्यौपाने र ग्लोबल नेप्लिज आईसिटी कन्सोर्टिएमका अध्यक्ष निरज श्रेष्ठको विशेष पहलमा र उक्त संस्थामा आवद्ध व्यक्तित्वहरुको आर्थिक सहयोगले ग्रामीण सूचना केन्द्र स्थापना भएको अध्यक्ष पुनले जानकारी दिए।

### सीमा....

तर नेपाल सरकारले आफ्नो स्पष्ट धारणा सार्वजनिक गरेको छैन। जसका कारण विभिन्न राजनीतिक दलका साथै नागरिकस्तरबाट सरकारको पनि आलोचना हुँदै आएको छ।

शुक्रबार मात्रै सत्तारुढ दल नेपाली कांग्रेसले मोदीको अभिव्यक्तिप्रति ध्यानाकर्षण भएको भन्दै विज्ञप्ति नै जारी गरेको थियो। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले साँच बुँदे धारणा सार्वजनिक गर्दै एकपक्षीय रुपमा नेपाली भूमिमा सडक निर्माणलगायतका भारतीय पक्षको गतिविधि आपत्तिजनक रहेको बताएका थिए।

तर कांग्रेसकै सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारले भने यस विषयमा आधिकारिक धारणा सार्वजनिक गरेको छैन। प्रमुख प्रतिपक्षी नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, विवेकशील साझा पार्टीलगायतले पनि सीमा विवादबारे सरकारले आधिकारिक धारणा दिनुपर्ने माग गरिरहेका छन्।

### लकडाउन....

आगामी चैत मसान्तभित्र सबै नेपालीलाई खोप सरकारले लक्ष्य रहेको उल्लेख गर्दै उनले खोप अभियानलाई प्रभावकारी बनाएर लैजाने बताएका हुन्।

प्रधानमन्त्री देउवाले कोरोना नियन्त्रणमा नयाँ भेरियन्टले चुनौती थपेको बताए। तीव्रगतिमा संक्रमण फैलने नयाँ-नयाँ भेरियन्टले ठूलो समस्या ल्याएको उनको भनाइ थियो। कोरोनाविरुद्धको महामारीमा अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीको जीवन बिमा र सुरक्षाकर्मीलाई प्रोत्साहित गरिनुपर्ने प्रधानमन्त्री देउवाको भनाइ थियो।

शनिबार मात्रै नेपालमा थप ४ हजार ६३६ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। १४ हजार ५५६ जनाको कोरोना परीक्षण गर्दा पीसीआर विधिबाट ३ हजार ७०३ र एन्टिजेन विधिबाट ९३३ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा थप ४ जना कोरोना संक्रमितको मृत्यु भएको छ। योसँगै कोरोनाका कारण मृत्यु हुनेको संख्या ११ हजार ६१७ पुगेको छ। एक सातादेखि निको हुनेभन्दा संक्रमित हुने १० गुणाभन्दा बढीले बढेको छ। सक्रिय संक्रमितको संख्या बढेर २१ हजार ५ सय ८४ पुगेको छ। पछिल्लो २४ घण्टामा ३५० जना संक्रमणमुक्त भएका छन्।

योसँगै नेपालमा कुल संक्रमितमध्ये ८ लाख १६ हजार ३ जना संक्रमणमुक्त भएका छन्। पछिल्लो २४ घण्टामा काठमाडौं उपत्यकामा मात्र २ हजार २१९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार काठमाडौंमा १ हजार ५९१, भक्तपुरमा १४२ र ललितपुरमा ४८६ जना संक्रमित थपिएका छन्।

### एमालेको...

होल्डिङ सेन्टर, औषधिको व्यवस्था मिलाउन पनि सरकारलाई सचेत गराएको छ।

जवाफमा प्रधानमन्त्री देउवाले सबै मिलेर कोरोनाको तेस्रो लहरलाई परास्त गर्नुपर्ने बताए। उनले कोरोना नियन्त्रण र रोकथामका लागि तेरो पार्टी, मेरो पार्टी नभनी सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिए।

प्रधानमन्त्री देउवाले ओमिक्रोन भाइरस धेरै संक्रामक भएकाले सावधानी अपनाउन र सचेतना फैलाउन सरकारले पहल गरिरहेको पनि बताए। उनले आफूले सरकारको नेतृत्व गरेपछि कोभिड-१९ विरुद्धको खोप लगाउनेको संख्यामा वृद्धि भएको बताउँदै सबै खोप लगाउन योग्य नागरिकलाई दुवै मात्रा खोप लगाउने गरी सरकार अघि बढेको पनि बताए।

### मानवीय...

सक्ने चेतावनी दिएको हो। अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता भएपछि गत अगस्टमा असरफ घानी नेतृत्वको सरकार ढलेको थियो। तालिबानहरूले सत्ता कब्जा गरे पनि उनीहरूको सरकारलाई अन्तर्राष्ट्रिय समुदायले मान्यता दिएको छैन। नेपालले पनि तालिबान नेतृत्वको सरकारलाई मान्यता दिएको छैन।

तर चरम आर्थिक संकट र खाद्यान्न अभावबाट गुज्रिरहेको अफगानिस्तानलाई पछिल्लो समय विभिन्न मुलुक र अन्तर्राष्ट्रिय संस्थाले मानवीय सहायता गरिरहेका छन्। सोही अनुसार नेपालले पनि अफगान जनतालाई सहयोग गर्न लागेको हो।

### मलेसियाले ...

लैजान स्वास्थ्य सुरक्षाको विशेष मापदण्ड बनाएको छ। नेपालबाट सुरक्षागार्डलगायत खुला गरिएको सबै सेक्टरमा तोकिएको मापदण्डअनुसार कामदार जान पाउने बताइएको छ।

मापदण्डअनुसार खाडीका अन्य देशसरह मलेसिया जान पनि विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले मान्यता दिएको कोरोना भाइरविरूद्धको खोप लगाएर मलेसिया उड्नु अघि ७२ घण्टाभित्र आरटी-पीसीआर परीक्षण गर्नुपर्ने अनिवार्य गरिएको छ।

नेपालबाट मलेसिया गएको कामदारलाई ७ दिन स्वास्थ्य मन्त्रालयबाट तोकिएको क्वारेन्टिनमा रोजगारदाताको खर्चमा राखिने बताइएको छ। क्वारेन्टिनमा बस्न शुरू गरेको दोस्रो र पाँचौं दिनमा आरटी पीसीआर गरी संक्रमण नदेखिए काममा पठाउने र संक्रमण देखिए थप उपचार गरिने बतनइएको छ।

### साउदीमा...

गरिएको हो। सुखिपुर नगरपालिका -२ का समाजिक अभियन्ता शिवकुमार यादव, सुखिपुर नगरपालिका ३ का गुमस्ता कुमार यादव र विराटनगरका जेरी ताम्राकारको पहलमा साउदीस्थित नेपाली दूतावासको समन्वयमा उद्धार गरी उनीहरुलाई नेपाल फर्काउन सफल भएको हो।

नेपाल फर्किनेमा बलबहादुर धामी, तेज बहादुर कुँवर, रेवत खड्का, मिलन श्रेष्ठ, गणेश राय, राहुल सुनार, सन बहादुर सुनार, टोप राज महतो, कौशल तामाङ, भोज कुमारलगायत १६ जना छन्।

स्वदेश फर्केका युवाहरूले साउदीमा काम गरेको आफ्नो बाँकी बक्यौता रकम तथा तलब सम्बन्धी समस्याहरुबारे काठमाडौंको कुपन्डोलमा रहेको म्यानपावर कम्पनी संचालकसँग छलफल गरेको मध्यान्हलाई बताए। म्याननपावर संचालकले बाँकी बक्यौता रकम तथा तलब दिलाउन पहल गर्ने प्रतिबद्धता जनाएको अभियन्ता यादवले बताए।

उद्धार गरिएको सबैलाई बिहानको चिया, नास्ता, खाना र बस पार्कसम्मको लागि ट्याक्सी भाडा र काठमाडौंबाट घर जानको लागि बाटो खर्च समेत उपलब्ध गराएर पठाएको अभियान्ता गुमस्ता कुमार यादवले बताए।

### पुनः श्रम..

कार्यालयमा पुगेर घन्टौँसम्म लाइनमा बस्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य भएको छ। मन्त्रालयका सचिव एकनारायण अर्यालले जिम्मेवारी सम्हालेलगत्तै सूचना प्रविधिको अधिकतम उपयोग गरी श्रम स्वीकृतिलाई 'पेपरलेस' बनाइ सहजरूपमा सेवा प्रदान गर्न सरकारले यस्तो व्यवस्था मिलाउने बताएका थिए। श्रम स्वीकृतिलाई 'फेसलेस, पेपरलेस र क्यासलेस' बनाई छिटो, छरितो र पारदर्शीरुपमा गुनासोरहित सेवाप्रवाह गर्न अनलाइन प्रणालीबाट मात्र पुनः श्रम स्वीकृतिको काम गर्न लागिएको वैदेशिक रोजगार कार्यालयका प्रमुख रमेश अर्यालको भनाइ छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई विना झन्झट आधुनिक प्रविधिको प्रयोग गरी सहज र सरल तरिकाबाट सेवा प्रदान गर्न निर्देशन गरेसँगै पुनः श्रम स्वीकृतिको काम अनलाइन प्रणालीबाट मात्र गर्न लागिएको उनले बताए।

कसरी लिने पुनः श्रम स्वीकृति ?

पुनः श्रम स्वीकृतिको अनलाइन सेवा लिन सेवाग्राहीले वैदेशिक रोजगार विभागको वेबसाइटको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमार्फत आवश्यक सबै कागजातसहित फाराम भर्नुपर्नेछ। यसका लागि सुरुमा विभागको वेबसाइट डब्लुडब्लुडब्लु डट डिओएफइ डट जीओभी डट एनपीमा गई अनलाइन श्रम स्वीकृतिमा क्लिक गर्नुपर्ने हुन्छ। अथवा सिधै 'एफइआइएमएस डट डिओएफइ डट जीओभी डट एनपीमा गएर पनि खोल्न सकिनेछ।

श्रम स्वीकृतिको कागजात जाँच गर्दा कुनै कारणले आवेदन अस्वीकृत भएमा सो को कारणसहितको सूचना आवेदकको मोबाइल नं र आवेदन गर्दाको युजर एकाउण्टमा जाने हुँदा आफ्नो व्यक्तिगत मोवाइल नं र इमेल ठेगाना अनिवार्यरुपमा भर्नुपर्नेछ। युजरनेम र पासवर्ड प्रयोग गरी अर्कोपटक श्रम स्वीकृति लिन श्रम स्वीकृतिको अवस्था थाहा पाउन, विवरण हेर्न र उजुरी वा गुनासो गर्न सकिने भएकाले आवेदन गर्दाको युजरनेम र पासवर्ड सुरक्षित राख्नुपर्ने हुन्छ।

अनलाइनमा कागजात जाँच गर्न समय लाग्ने भएकाले कम्तीमा तीन दिन अगाडि अनलाइन फाराम भर्न र श्रम स्वीकृति लिइसकेपछि मात्र हवाई टिकटको प्रबन्ध गर्न कार्यालयले आग्रह गरेको छ। उडान हुने मितिसम्म श्रम स्वीकृतिको म्याद ९० दिनभन्दा बढी हुनुपर्ने भएकोले सो बमोजिम भए नभएको यकिन गर्न पनि कार्यालयले भनेको छ।

पुनः श्रम स्वीकृतिका लागि म्यादी जीवन बीमा र वैदेशिक रोजगार कल्याण कोषको रकम अनलाइन भुक्तानी प्रदायकमार्फत भुक्तानी गर्नुपर्ने हुन्छ। पुनः श्रम स्वीकृतिको लागि पासपोर्ट साइजको फोटोको स्क्यान कपी, राहदानीको स्क्यान कपी, सम्बन्धित देशबाट आएको भिसाको स्क्यान कपी, पुरानो श्रम स्वीकृतिको स्क्यान कपी र पुरानो भिसा भए सोको स्क्यान कपी आवश्यक पर्छ।

त्यस्तै अध्यागमन कार्यालयले राहदानीमा लगाएको डिपार्चर र अराइभल स्टाम्प भएको राहदानीको स्क्यान कपी, यसअघि श्रम स्वीकृति लिएको भन्दा फरक काम गर्न जाने भएमा कामदारका लागि रोजगारदाताले उपलब्ध गराएको जब अफर लेटर वा सम्झौतापत्रको स्क्यान कपी पनि आवश्यक पर्ने कार्यालयले जनाएको छ।

त्यस्तै अध्यागमन कार्यालयले राहदानीमा लगाएको डिपार्चर र अराइभल स्टाम्प भएको राहदानीको स्क्यान कपी, यसअघि श्रम स्वीकृति लिएको भन्दा फरक काम गर्न जाने भएमा कामदारका लागि रोजगारदाताले उपलब्ध गराएको जब अफर लेटर वा सम्झौतापत्रको स्क्यान कपी पनि आवश्यक पर्ने कार्यालयले जनाएको छ। घरेलु कामदारको हकमा वैदेशिक रोजगारमा घरेलु कामदार पठाउनेसम्बन्धी निर्देशिका, २०७२ को दफा १८ घ बमोजिम सम्बन्धित देशस्थित नेपाली राजदूतावास वा कूटनीतिक नियोगको अनुसूची ८ बमोजिमको सिफारिस पत्रको स्क्यान कपी आवश्यक पर्दछ।

कार्यालयले संस्थागत श्रम स्वीकृति, पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिने गरेको छ। संस्थागत श्रम स्वीकृतिका लागि सेवाग्राही कार्यालय आइरहनुपर्दैन, सम्बन्धित म्यानपावर व्यवसायी मात्र आउने गर्छन। वैदेशिक रोजगार कार्यालयबाट चालु आर्थिक वर्षको पुससम्ममा पुनः श्रम स्वीकृतितर्फ करिब एक लाख जना, संस्थागततर्फ एक लाख ८० हजार र व्यक्तिगततर्फ आठ हजार जनाभन्दा बढीले सेवा लिएको कार्यालयले जनाएको छ।


**देवाही गोनाही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**प्रेमपुर गोनाही, रौतहट**
**प्रदेश नं २, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना ।**

**(सुचना प्रकाशित मिति २०७८/१०/०२)**

उपर्युक्त विषयमा यस देवाही गोनाही नगरपालिकाको कार्यालय प्रेमपुर गोनाही, रौतहटबाट मिति २०७८/०८/१८ गते तपसिल बमोजिम निर्माण कार्य सम्बन्धी बोलपत्र (e–bidding) मार्फत आव्हान बारे सुचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरुमध्ये तपसिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावकारी देखिएकोले स्वीकृतको लागी छनौट भई सार्वजनिक खरिद एन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

| सुचना न. | निर्माण कार्यको बिबरण | छनौट भएका बोलपत्र | कबोल अङ्क |
|---|---|---|---|
| Mun/Dewahigonahi/NCB/WORKS/04/078/079 | Construction of shree Adharbhut Primary school Karkach Guthi, Dewahi Gonahi –06 | Pasupati Nirman Sewa, Maulapur ward–5, Rautahat | 78,56,738.39 (मु.अ.कर समेत) |

**(विरेन्द्र प्रसाद चन्द्रवंसी)**
**नि. प्रमुख प्रशासकिय अधिकृत**



**राक्सिराङ्ग गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चैनपुर, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**आ.व.२०७८/०७९ को लागि नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा,रोडा आदि) उत्खनन तथा सङ्कलन एवं बिक्रिको ठेक्का सम्बन्धि सिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

**तेश्रो पटक प्रकाशित मिति २०७८/१०/०२**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) को व्यवस्था बमोजिम मनहरी खोलाको स्वीकृत IEE प्रतिवेदन बमोजिमका विभिन्न क्षेत्रहरुबाट तोकिएको मापदण्ड बमोजिम नदिजन्य पदार्थ संकलन/ उत्खनन् गरि बागमती प्रदेश आर्थिक ऐन २०७७ ले तोकेको दरमा विक्री गरि राजस्व संकलन गर्न तपसिलको कार्य ठेक्का बन्दोबस्त गर्न मिति २०७८/०८/१० गते प्रथम पटक, मिति २०७८/०८/१६ गते संसोधनको सूचना र मिति २०७८/०९/१४ गते दोश्रो पटक प्रकाशित गरिएकोमा समयावधि भित्र कुनै पनि सिलबन्दी बोलपत्र पेश हुन नआएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को उपदफा (४) (क) को व्यवस्था अनुसार पूनः तेश्रो पटक (७ दिने) यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको नाम | अधिकतम परिमाण (घन मिटरमा) | | न्युनतम अंक रु. (मु. अ. कर तथा अग्रिम आयकर बाहेक) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर | बोलपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| | | | उत्खनन तथा सङ्कलन | निकासी | | | | |
| १ | १/०७८/०७९ | नदिजन्य पदार्थ सङ्कलन, बिक्रि एवं वातावरण तथा सरसफाई शुल्क | ७३,७७२.५ | १,००,३७५.० | ५,६२,९५,३१४.२० | कबोल अंकको ५ % | रु. ५०००/ | २०७८/१०/०९ गते १२:०० बजे सम्म |

थप जानकारी, शर्त लगायत अन्य विवरणहरुका लागि सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेबसाइट https://www.bolpatra.gov.np/egp/ मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**




माघे संक्रान्तिको अवसरमा शनिबार तनहुँको देवघाटमा स्नानका लागि आएका भक्तजन । कोरोनाका कारण बाहिरबाट आउनेहरुलाई निषेध गर्ने भनिएपनि पैदलयात्रा गर्दै आएका भक्तजनलाई देवघाट प्रवेश गर्न दिइएको थियो ।

तस्वीरः रासस

# आजदेखि कोरोनाविरुद्ध ‘बुस्टर’ मात्राको खोप

**काठमाडौं/मस-** सरकारले आजदेखि कोरोना भाइरसविरुद्धको ‘बुस्टर’ मात्रा खोप दिने भएको छ ।

अग्रपंक्तिमा काम गर्ने व्यक्तिलाई माघ २ गतेदेखि र ६० वर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिक र खोपको पूर्ण मात्रा लगाएको ६ महिना पूरा भएका व्यक्तिलाई माघ १४ गतेदेखि ‘बुस्टर’ मात्राको खोप दिइने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

‘बुस्टर’ डोजका लागि मन्त्रालयले प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र ७७ वटै स्वास्थ्य कार्यालयलाई निर्देशन दिइसकेको छ ।

‘बुस्टर’ डोज कोरोना भाइरसविरुद्धको पूर्ण मात्रा खोप लगाएका छ महिना पूरा भएका व्यक्ति, अग्रपंक्तिमा र ६० वर्षभन्दा माथिका तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका सबैलाई दिइने मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले जानकारी दिए ।

रोग प्रतिरोधात्मक क्षमता कम भएका बिरामीमा सक्रिय क्यान्सर रोगी, अंग प्रत्यारोपण गरेका बिरामी, एचआइभी भएका बिरामी, उपचारका क्रममा रोग प्रतिरोधात्मक क्षमता कम गराउने औषधि सेवन गरेका बिरामी पर्दछन् ।

कोरोना भाइरस संक्रमण बढेसँगै सरकारले ‘बुस्टर’ डोज दिन थालेको हो । हिजो पुस ३० गते




पाँच हजार ८७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको थियो । ‘बुस्टर’ डोजमा पहिले जुन खोप लगाएको हो सोही खोप लगाउनुपर्ने हुन्छ । कोभिड-१९ खोप सल्लाहाकार समितिले ‘बुस्टर’ डोज खोप लगाउन सरकारलाई सुझाव दिइसकेको छ ।

बालबालिकालाई चैतमा खोप दिइने

सरकारले ५ देखि ११ वर्ष उमेर समूहका बालबालिकालाई पनि कोरोनाविरुद्धको खोप लगाउने निर्णय गरेको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले आउँदो चैतमा यो समूहका बालबालिकालाई खोप लगाउने निर्णय गरेको हो ।

उक्त उमेर समूहका बालबालिकाको यकिन आँकडा निकाल्न स्थानीय सरकारहरुलाई तत्काल आग्रह गर्ने निर्णय सरकारले गरेको छ ।

सरकारले १२ देखि १८ वर्ष उमेर समूहलाई पनि खोप लगाइरहेको छ । शुरुमा ज्येष्ठ नागरिक र बढी जोखिम समूहलाई खोप लगाएको सरकारले अझै पनि ५० वर्ष माथिका व्यक्तिलाई प्राथमिकता दिने भएको छ ।

# संस्थागत क्षमता स्व–मूल्याकंनमा मुसिकोट नगरपालिका उत्कृष्ट

**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, १ माघ

स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याकंनमा मुसिकोट नगरपालिका उत्कृष्ट देखिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको १० वटा सूचकको आधारमा १०० पूर्णाङ्कलाई आधार मानि गरिएको स्वमूल्याकंनमा मुसिकोटले उत्कृष्ट अंक प्राप्त गरेको हो ।

मन्त्रालयले तोकेको उक्त कार्यसम्पादनका आधारमा आर्थिक वर्ष २०७७/०७८ को संस्थागत क्षमता स्वमूल्याकंनमा नगरपालिकाले ७२ अकं प्राप्त गरेको मुसिकोट नगरपालिकाका सुचना प्रविधि अधिकृत समुन्द्र रायमाझीले मध्यान्हलाई जानकारी दिए ।

मुसिकोट नगरपालिकाले आ.व.०७६/०७७ मा सम्पादन गरेका कामको स्वमूल्याकंनमा ७१.५ अंक प्राप्त गरी लुम्बिनी प्रदेशमा रहेका स्थानीय तहमध्ये १० औं स्थान र गुल्मीमा चौंथो स्थान प्राप्त गरेको थियो ।

स्वमूल्याङ्कनका लागि नगरपालिकाले पुस २३ गते जनप्रतिनिधि र कर्मचारीबीच अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यका लागि सुरुमा डाटाहरू संकलन गरी अनलाइन सफ्टवेयरमा इन्ट्रि गरि जिल्ला समन्वयमा पठाइएको र संमन्वयको पृष्ठपोषण



पछि कार्यपालिकाबाट अनुमोदन गरी शुक्रबार प्रमुख प्रशाशकीय अधिकृत खिमानन्द भुषालले नतिजा सार्वजनिक गरेका थिए ।

पालिकाको समग्र कामलाई पारदर्शी, जवाफदेही, व्यवस्थित, सहभागीतामूलक, सेवाग्राहीमैत्री बनाउनतर्फ ध्यान दिइएकाले यो नतिजा प्राप्त भएको अधिकृत भुषालले बताए ।

देश संघीय शासन पद्धतिमा गइसकेपछि ०७७ सालमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको ‘स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याकंन कार्यविधि’ का प्रावधानबमोजिम मूल्याकंन गरिएको थियो ।

कार्यविधिअनुसार समग्र स्थिति, प्रक्रियागत स्थिति र परिमाणात्मक स्थिति गरी ३ तहका सूचकका आधारमा मूल्या्कन हुन्छ । यी सूचकहरुमा क्रमशः २१, ३४ र ४५ प्रतिशत अंक भार राखिएको छ । त्यस्तै १० वटा विषय क्षेत्रमा वर्गीकरण गरिएको छ । यी सूचकहरुमा ९ पूर्णाङ्कको शासकीय प्रबन्ध, ८ पूर्णाकंको संगठन तथा प्रशासन, ११ अंकको वार्षिक बजेट तथा योजना व्यवस्थापन, ११ अंकको वित्तिय एवम आर्थिक व्यवस्थापन, १० अंकको सामाजिक समावेशीकरण लगायत क्षेत्र छन् । १६ अंकको सेवा प्रवाह, ७ अंकको न्यायिक कार्यसम्पादन र १३ अंकको भौतिक पूर्वाधार क्षेत्र छन् । ९ अंकको वातावरण संरक्षण तथा विपद व्यवस्थापन, ६ अंकको समन्वय सहकार्यमा मूल्याकंन भएको थियो ।

## सिरहा डायरी

राजेन्द्र महतो/मध्यान्ह

# किसानका समस्या समाधान गर्न माग गर्दै विशाल र्‍याली

जनमत पार्टी सिरहाले किसानका समस्या समाधान गर्न माग गर्दै सिरहामा बिशाल र्‍याली निकालेको छ ।

पार्टीले किसानका समस्या सम्बन्धि विभिन्न ११ बुँदे माग राख्दै किसान विधेयक ल्याउनुपर्ने प्रमुख माग राखेको छ ।

सिरहा सदरमुकाममा हजारौंको संख्यामा किसानहरु सहभागी र्‍यालीमा ‘पैसे ले मल दे, समयमा मतखाद र विउको व्यवस्था गर, किसानमाथि दमन बन्द गर, झुठा मुद्धा फिर्ता गर, गिरफ्तार आन्दोलनकारी रिहा गर’ लगायतका नारा लगाएका थिए ।

आन्दोलनमा सहभागी




किसानहरुले हातमा कुटो, कोदालो, हलो, बालीनाली र विभिन्न तरकारीहरु प्रदर्शन गरेका थिए ।

र्‍याली सिरहाको थाना चौक हुँदै हेम नारायण चोकमा पुगेर कोण सभामा परिणत भएको थियो । कोण सभालाई सम्बोधन गर्दै जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले जारी किसान आन्दोलनको माग पूरा गर्न किसान विधेयक ल्याउनुको विकल्प नभएको बताए ।

मलखाद्य र बिउबिजन माग्ने किसानमाथि सरकारले गोली चलाएको भन्दै उनले सरकारी रबैया किसान विरोधी भएको बताए।

गहुँको बीउ लुटेको आरोपमा सिरहाको औरही गाउँपालिकाले दर्ता गराएको मुद्दाका आधारमा प्रहरीले एक किसानलाई पक्राउ गरेपछि जनमत पार्टीले पुस ९ गतेबाट चरणबद्ध आन्दोलनको घोषणा गरेको थियो ।

किसानलाई समयमा मलखाद उपलब्ध गराउनुपर्ने, किसानलाई पेन्सन दिनुपर्ने, सिंचाईको व्यवस्था गर्नुपर्ने, उखु किसानको भुक्तानी दिलाउनुपर्ने लगायतका ११ बुँदे माग राखेर करिव ३हप्ता देखि जनमत पार्टी आन्दोलनरत छ ।

# आधारभूत प्राविका दलित विद्यार्थीलाई न्यानो कपडा

शितालहर र जाडो छल्नको लागि सिरहामा दलित विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको छ ।

उद्योग वाणिज्य संघ सिराहाका अध्यक्ष प्रमोद पौदार र समाजसेवी हेमन्त प्रधानको सहयोगमा सिरहा नगरपालिका वडा नं.१२ सारश्वरस्थित आधारभूत प्राथमिक विद्यालय छारापट्टीका सम्पुर्ण दलित विद्यार्थीहरुलाई न्यानो कपडा स्वीटर वितरण गरिएको हो ।

सिरहाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा प्रादेशिक अस्पताल सिरहाका अध्यक्ष शैलेन्द्र ठाकुर र लोसपाका केन्द्रीय सदस्य श्रवण नारायण झा लगायतको उपस्थिति रहेको थियो ।



# ट्याक्टर दुर्घटनामा चालकको मृत्यु

सप्तरीमा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । शनिबार हनुमाननगर कंकालिनी नगरपालिका-६ स्थित स १ त २७६ नम्वरको ट्याक्टर दुर्घटना भएको हो ।

दुर्घटनामा ट्याक्टर चालक सोही ठाउँका २३ वर्षीय धिरज सदाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक माधवप्रसाद काफ्लेले मध्यान्हलाई जानकारी दिए ।

बिहान माटो लिन जाने क्रममा अनियन्त्रित भएर ट्याक्टर नहरमा पल्टिएको थियो । ट्याक्टरसँगै पानीमा डुबेर सदाको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# माघी पर्वमा सिरहामा शुभकामना आदानप्रदान

सिरहाको धनगढीमाई -१४ स्थित सर्रे अंमवासमा मगर समुदायले माघेसंक्रान्ति २०७८ शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ । श्री मदन स्मृति माध्यामिक विद्यालयको प्राङ्गणमा मगर संघ जिल्ला कार्यसमिति सिरहाद्वारा आयोजित ९ औं माघेसंक्रान्ति २०७८ शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम शुक्रबार भव्यताका साथ सम्पन्न भएको हो ।

मगर संघको जिल्ला कार्यसमिति अध्यक्ष प्रकाश मगरको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि मगर संघको जिल्ला सल्लाहकार नन्दकुमार थापा मगर, विशिष्ट अतिथि धनगढीमाईका मेयर हरिनारायण चौधरी, गोलबजार नगरपालिकाका उपमेयर रेशम कुमारी थापा मगरलगायत अतिथिहरू, आदिवासी जनजाति महासंघ सिरहा शाखाका अध्यक्ष डेनोक मोक्तान, उपाध्यक्ष दिलिप लामालगायत रूपा आले मगर, उत्तर बहादुर नगर, तेज बहादुर नगर, नेपाल पत्रकार महासंघ सिराहा शाखाका सदस्य बिनोद मण्डललगायत मगर समुदायको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपालका प्रथम शहीद लखन थापाको तस्बिरमा प्रमुख अतिथि थापाले माल्यार्पण गरेका थिए ।

# भद्रपुरमा रोकिएन लत्ताकपडा तस्करी

**विष्णुकुमारी घिमिरे/मध्यान्ह**
भद्रपुर, १ माघ

झापाको भद्रपुर भन्सार मेची पुल मुनि र भन्सार भिट्टाबाट दैनिक लाखौं मुल्यको लत्ताकपडा तस्करी हुने गरेको पाइएको छ ।

भन्सार कार्यालय, सशस्त्र प्रहरी, नेपाल प्रहरीकै १ सय मिटर भित्रबाट दैनिक लाखौं मुल्यको लत्ताकपडा, बिजुलीका सामान, सुर्तीजन्य पदार्थ साथै खाद्य सामग्री उनीहरुकै मिलोमतोमा तस्करी हुने गरेको स्थानीयले बताउँदै आएका छन् ।

राजनीतिक संरक्षणका कारण



तस्करका नाइकेहरु सन्जिव घोष, तुलाराम हलुवाई, राजन मगर, भिमा सिंह साथै लक्ष्मण कट्टेल रहेको एक व्यवसायीले नाम सार्वजनिक नगर्ने सर्तमा मध्यान्हलाई बताए ।

दैनिक प्रशासनकै आँखा अगाडिबाट सयौं पोका लत्ताकपडासहितका सामानहरु तस्करी हुँदै बिर्तामोड देखि दमनसम्म पुग्ने गरेको र त्यसको सहजीकरण सशस्त्र, नेपाल प्रहरी र भन्सारका कर्मचारीलेनै गर्ने गरेको व्यापारीहरु बताउँछन् ।

खुलेआम दैनिक लाखौंको सामग्री तस्करी गरे बापत उनीहरुले स्थानीय प्रमुख राजनीतिक दलदेखि प्रशासनलाई समेत कमिसन बुझाउने गरेको समेत खुलेको छ ।

# सामान्य बिरामीलाई अस्पताल नआउन भरतपुर अस्पतालको आग्रह

**दिलु नेपाल/मध्यान्ह**
चितवन, १ माघ

चितवनमा पछिल्लो समय कोरोना संक्रमणको दर बढ्न थालेपछि भरतपुर अस्पतालले सामान्य र पछि जाँच गराउँदा पनि हुने बिरामीलाई तत्काल अस्पताल नआउन आग्रह गरेको छ ।

अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्रा.डा.कृष्णप्रसाद पौडेलले शनिबार एक विज्ञप्ति प्रकाशित गरी सामान्य प्रकृतिका बिरामीलाई तत्काल अस्पताल नआउन आग्रह गरेका हुन् ।

जिल्लामा संक्रमण दर अत्यधिक बढेको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ, ‘कोभिड-१९ को तेस्रो लहरस्वरुप विगत केही दिनदेखि नेपालमा कोभिड संक्रमितको संख्या तीव्र गतिमा बढ्दै गइरहेको सबैलाई जानकारी नै छ ।’

काठमाडौंको त्रिवि टिचिङ र वीर अस्पतालमा चिकित्सक र स्वास्थ्यकर्मी पनि उच्च संख्यामा संक्रमित भएको तथ्यांकलेसमेत अस्पतालमा एकअर्काबाट संक्रमण फैलनसक्ने सम्भावना बढ्दै गएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, ‘यस सन्दर्भमा सामान्य र पछि जाँच गराउँदा पनि हुने प्रकृतिका बिरामी अस्पताल आउने समय पछि सार्नु उपयुक्त हुन्छ ।’ भरतपुर अस्पतालमा पछिल्लो दुई दिनको परीक्षणमा देखिएको कोभिड पोजिटिभ दर अति उच्च रहेको उल्लेख गर्दै पुस २९ गते १७२ जनाको परीक्षणमा ९५ जना अर्थात ५५ प्रतिशतमा पोजिटिभ देखिएको जनाइएको छ ।

त्यस्तै पुस ३० गतेको १८६ जनामा गरिएको परीक्षणमा ११५ जना अर्थात ६१.२५ प्रतिशतमा पोजेटिभ देखिएको छ । भरतपुर अस्पताल केन्द्रीय अस्पताल हो । यहाँ चितवनसहित छिमेकी १९ जिल्लाबाट बिरामी उपचारका लागि आउने गर्दछन् ।

यसअघिका कोभिडको संक्रमण उच्च हुँदा यहाँ धेरैको उपचार गरिएको थियो । कोभिड संक्रमण शुरु भएपछि नियमित संक्रमितको उपचार अस्पतालमा हुँदै आएको छ ।



## सम्पादकीय

# बढ्दो जोखिम

पछिल्लो समय कोरोना भाइरसको संक्रमणदर उच्च देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार गत पुस १९ मा २ प्रतिशतको हाराहारीमा रहेको संक्रमणदर माघ १ मा आइपुग्दा ३१.८ प्रतिशत पुगेको हो । शनिबार देशभर थप ४ हजार ६३६ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको थियो । मन्त्रालयका अनुसार १४ हजार ५५६ जनामा कोरोना परीक्षण गर्दा ४ हजार ६३६ जनामा संक्रमण पुष्टि भएको हो । स्वास्थ्य मन्त्रालयले जनाएअनुसार शनिबार भेटिएको संक्रमितको संख्या पछिल्लो लहरमा भेटिएको मध्ये सबैभन्दा उच्च पनि हो ।

गत पौष १७ मा दैनिक तथ्यांकमा २४ घण्टाको अवधिमा ३८२ जनामा कोभिड संक्रमण पुष्टि हुँदा सक्रिय संक्रमितको संख्या ५ हजारभन्दा कम थियो । त्यतिबेला ४७ सयभन्दा बढी व्यक्ति होम आइसोलेसनमा थिए र झण्डै अढाई सय जना मात्रै संस्थागत आइसोलेशनमा थिए । त्यति संख्यामा सक्रिय संक्रमित हुँदा ८९ जना आईसीयूमा र २७ जना भेन्टिलेटरमा थिए । तर, माघ १ सम्म आइपुग्दा देशभर २१ हजारभन्दा बढी सक्रिय संक्रमित छन् । जसमध्ये ११९ जना आई.सि.यु.मा छन् भने २६ जना भेन्टिलेटरमा उपचाररत छन् । मन्त्रालयले जनाएअनुसार काठमाडौं उपत्यकामा भएका सबै अस्पतालमा भेन्टिलेटरको संख्या कुल १५७ मात्रै छ । जसमध्ये अधिकांशमा क्रमशः बिरामी थपिँदै छन् । संक्रमितको बढ्दो तथ्यांकलाई आधार मान्दा केही साताभित्रै देशभर अवस्था नियन्त्रणभन्दा बाहिर जाँदै छ ।

गत मंसिर तेस्रो साता नेपालमा पनि कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनका संक्रमित भेटिएका थिए । ओमिक्रोनको संक्रमित भेटिएसँगै विज्ञहरूले थप सचेतता अपनाइहाल्न सुझाव दिएका थिए । तर, सत्ता सञ्चालनको जिम्मेवारी पाएका दलहरू भने महाधिवेशन र अधिवेशन भन्दै शक्ति प्रदर्शनमा जुटे । वडा तहदेखि केन्द्रसम्म भएका खुलम खुला शक्ति प्रदर्शनले कोरोना संक्रमण बढाउन थप मद्दत गऱ्यो । सत्तारूढ माओवादी केन्द्रको महाधिवेशन सकिए लगत्तै शीर्ष नेताहरू आइसोलेसनमा बस्ने अवस्था बन्यो । तर, सचेतता अपनाउने अवस्था भने बन्न सकेन । माओवादी महाधिवेशन सकिए लगत्तै अन्य दलका जिल्ला अधिवेशनहरू भव्य रूपमा गरिए । जसले पनि संक्रमण बढाउन निकै मद्दत गरेको देखिन्छ ।

अहिले संक्रमणदरको ग्राफले निकै चिन्ताजनक अवस्था बन्दै गरेको संकेत गरेको छ । तर, पछिल्लो अवस्थासम्म पनि सरकारले उचित सावधानी अपनाउन सकेको छैन । सरकारले न त नागरिकलाई सचेत बनाउन सकेको छ न त आफ्ना गतिविधिलाई सच्याउन सकेको छ । पछिल्लो तथ्यांकलाई हेर्दा काठमाडौं उपत्यका निकै जोखिममा देखिन्छ । तर, सचेतता भने निकै न्यून छ । यसले थप जोखिमलाई संकेत गरेको छ । सरकारले बेलैमा उचित कदम चाल्न नसके महामारी यसअघिकै अवस्थामा पुग्ने कुरामा दुईमत देखिन्न ।

# भ्रष्टतन्त्र : संसदीय व्यवस्था

आज सरकारका तीन वटै अंगहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका भ्रष्टाचारमा चुर्लुम्मै डुबेका छन् । सबै मन्त्री र प्रधानमन्त्रीहरु भ्रष्टचारकै आरोपमा बदनामित र आलोचित छन् ।

अग्रलेख



● विष्णु पन्त

### भ्रष्टचार सर्वमान्य नियम

संसदीय व्यवस्थाभित्र सामान्य सुधारको समेत दृष्टिकोण देखिन्न । राज्य र समाजमा देखिएका चरम विकृति, विसंगती र अराजकताको अन्त्य गर्नुपर्ने चिन्ता संसदवादीहरुमा छैन । अन्धकारमा डकैती गर्ने संसदवादीहरुको मुख्य रणनीति बनेको छ । राज्य कोषमाथिको ब्रह्मलुट गर्नु आज राजनीतिको मुख्य निशाना बनेको छ । आम नागरिकलाई थाहा छ, नेता र कर्मचारीहरुको र खासखास मान्छेहरुको वर्ग उत्थान भएको छ, जीवनशैली बदलिएको छ । राज्यलाई टाट पल्टाउने अनि मुठ्ठीभर दलालहरु धनी बन्ने महारोगको अन्त्य नगर्दासम्म विकासको सपना बाँड्नु भ्रमको व्यापार मात्र हुन्छ । राज्यको न्यूनतम दायित्व हो : सबैतिर पारदर्शिता र अनुशासन कायम गर्नु तर, पूर्ण संयन्त्र नै आफैं भ्रष्टाचारमा डुब्छ भने राज्य सफल बन्दैन । भ्रष्टीकरणले राज्यको औचित्यमाथि प्रश्न उठाउँछ ।

आज कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका जस्ता सरकारका तीन वटै अंगहरु भ्रष्टाचारमा चुर्लुम्मै डुबेका छन् । सबै मन्त्री र प्रधानमन्त्रीहरु एउटै आरोपमा बदनामित र आलोचित छन् त्यो हो : भ्रष्टाचार । जुन देशमा आर्थिक अराजकता हाबी हुन्छ, त्यहाँ पारदर्शिताको सम्भावना हुँदैन । राज्यका महत्वपूर्ण निकायहरु पूर्णरुपले अपारदर्शी छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफैं भ्रष्टाचारमा डुब्छ । न्यायालय कमिशनका आधारमा चल्छ । सर्वत्र सेटिङ्गका बहसहरु चल्छन् । राजनीतिको केन्द्रमा सेटिङ्ग छ । जनताले यो राज्यप्रणालीमा के अधिकार पाउने ? नेताहरु भन्छन् हामीले ठूलो क्रान्ति गऱ्यौं । क्रान्ति वा परिवर्तन भनेको के हो ? जनताको प्रश्न नेताहरु तर्फ छ । आज गणतन्त्र पछिको यो असफलताको कारणबारे छलफल हुन जरुरी छ । राजतन्त्र फाल्दैमा जनताले अधिकार पाउँदा रहेनछन् । एउटा राजा फालेर सयौं राजाहरु हुर्काउनु नेपालीहरुको बिडम्बना र दुर्भाग्य बन्यो । जनताको प्रश्न स्वभाविक छ : एउटा राजा फालेर सयौं राजा जन्माउनका लागि क्रान्ति गरीएको हो त ? एउटा राजाको ठाउँमा सयौं राजा जन्माउनु अग्रगमन कि पश्चगमन ? नेताहरु नै अरबपति र खरबपति बनाउने व्यवस्था अग्रगामी कि पश्चगामी ?

भ्रष्टीकरण र दलालीकरण राजनीतिको मुख्य सिद्धान्त बनेको छ । आज धनी बन्ने तीन वटा विधि छन् - भ्रष्टाचार, कमिशन र विदेशबाट आएको कमाई । तीन वटै आधारहरुले देशलाई असफल सिद्ध गर्दछन् । आजको आर्थिक प्रवृत्तिलाई नियाल्ने हो भने व्यापारीभन्दा नेता र कर्मचारी धनी बन्दैछन् । व्यापारीहरुले नेता र कर्मचारीको लगानीमा आँखा लगाउँछन् । आज व्यापार घाटाको बहसहरु भएका छन् । आत्मनिर्भर अर्थतन्त्रको विषयमा राज्य उदासिन छ । उत्पादनलाई प्रोत्साहित गर्ने राज्यको नीति नै छैन । त्यसकारण यस्तो अन्धाधुन्द राज्य व्यवस्थाबाट पुगिने पछाडि मात्र हो ।

आफ्ना नागरिकहरुको सम्पत्ति कति छ भन्ने विषयमा राज्य बेखबर छ । मेरा विचारमा यो भ्रष्ट संरचनालाई संस्थागत गर्ने षडयन्त्रको सिद्धान्त मात्र हो । सिमित मान्छेहरुको वर्ग उत्थान भएको छ तर, सम्पत्तिको स्रोतको बारेमा राज्य बेखबर र उदासीन छ । त्यसकारण राजनीतिमा जुन विकृति छाएको छ त्यसको प्रत्यक्ष प्रभाव अर्थतन्त्रमा परेको छ । राजनीतिमा सांसद किनबेचको बहस हुन्छ तर, राज्यबाट न त निगरानी हुन्छ न त छानबीन । उम्मेदवार बन्न पैसा बगाएर समाचार आउँछन् तर, राज्य मौन छ । कर्मचारी सरुवा बढुवामा ठूला-ठूला लेनदेन हुन्छन् तर, छानबीन शुन्य हुन्छ । कार्यकारी निर्देशक बन्नका लागि करोडौंका झोला बोकेर विज्ञापन हुन्छ तर, सम्बन्धित निकाय मौन छ ।



### संसदीय प्रणाली नै पश्चगामी र अपारदर्शी

संसदीय राज्यप्रणाली केही सिमित नेताहरुको इशारा र स्वार्थमा चल्ने गर्छ । दलीय हिसाबले संसदमा ४/५ वटा दलहरु छन् । नेपाली कांग्रेस, एमाले, माके, एकीकृत समाजवादीर जनता समाजवादी । सारमा यी ५ दलका ५ मुख्य नेता मिलेसम्म सबै कुरा सम्भव हुन्छ । शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल, माधव नेपाल र उपेन्द्र यादव मिलेपछि कुनै पनि परिवर्तन वा सुधारको गुन्जायस रहँदैन । उनीहरु सबै एउटा विषयमा एकमत छन् त्यो हो भ्रष्टाचार । सबैलाई कमिसन चाहिएको छ । उनीहरु यो विषयमा कुनै परिवर्तन गर्न चाहँदैनन् । संसदीय विकृतिहरुलाई संस्थागत गर्ने सबालमा उनीहरुबीच समानता छ । सबै दलको कार्यदिशा एउटै छ, त्यो हो : संसदीय चुनाव । भ्रष्टाचार अनि कमिसन । एउटै पार्टीको बहुमत नआउनु सबै दलको खास चाहना हो । उनीहरुको साझा प्राथना हुन्छ, हे प्रभु आए मेरो दलको बहुमत आओस्, नत्र कसैको नआओस् । कसैको पनि नआएपछि भागवण्डा पाइन्छ । केही समय अगाडि प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीको प्रणालीमा जाउँ भन्नेहरु पनि पछि पछाडि हटे । भागवण्डाका विषयमा स्वार्थ मिलेपछि पछि हटेको स्पष्ट हुन्छ ।

आज यो व्यवस्थाभित्र भागवण्डा मिलेमा अमुक व्यक्ति महान, क्रान्तिकारी र राष्ट्रवादी हुन्छन् तर, स्वार्थ नमिले त्यही व्यक्ति रातारात प्रतिगामी, राष्ट्रघाती र तुच्छ हुन्छन् । राक्षसीकरण र देवत्वकरणको मुख्य आधार भागवण्डाको भएको छ । त्यसकारण न त दलहरुका समिकरणको बारेमा पूर्वानुमान वा भविष्यवाणी गर्न सकिन्छ न त उनीहरु बीचका धुब्रीकरणका बारेमा । सबैको उद्देश्य छ : व्यक्तिगत स्वार्थ । आफुँ मन्त्री वा प्रधानमन्त्री बन्ने शर्तमा देशका भूगोलहरु वा सम्पदाहरु बेचिन्छन् ।

नाममा दलहरु कम्युनिष्ट र लोकतन्त्रवादी भनेर विभाजित छन् तर, गठबनधन वा समिकरणमा कुनै सीमाना छैन । उद्देश्यमा समाजवाद र वैज्ञानिक समाजवाद छन् तर, व्यवहारमा आफूँ धनी बन्ने अभियान छ । त्यसकारण देशलाई धनि, समृद्ध वा विकसित बनाउने कसैको उद्देश्य छैन । म धनि भए देश धनी हुन्छ भन्ने उत्तरआधुनिकतावादी चिन्तन हाबी छ । त्यसकारण संसदीय व्यवस्था र नेतृत्व दुवै परिवर्तनका बाधक छन् । मुठ्ठीभर नेताहरुको स्वार्थलाई केन्द्रमा राखेर चल्ने संसदीय व्यवस्था आफै अस्तीत्वहीन छ । त्यसकारण आज यो भ्रष्ट व्यवस्थाको विकल्प खोजी भएको छ । तर, बिडम्बना जसले व्यवस्था परिवर्तन गर्छु भनेर लागे उनीहरु यही व्यवस्थाभित्र हराउँदा मुद्दाहरु जटिल बनेका छन् ।

*(लेखक पन्त नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका नेता हुन् ।)*

> “नाममा दलहरु कम्युनिष्ट र लोकतन्त्रवादी भनेर विभाजित छन् तर, गठबनधन वा समिकरणमा कुनै सीमाना छैन । उद्देश्यमा समाजवाद र वैज्ञानिक समाजवाद छन् तर, व्यवहारमा आफूँ धनी बन्ने अभियान छ । त्यसकारण देशलाई धनि, समृद्ध वा विकसित बनाउने कसैको उद्देश्य छैन । म धनि भए देश धनी हुन्छ भन्ने उत्तरआधुनिकतावादी चिन्तन हाबी छ । त्यसकारण संसदीय व्यवस्था र नेतृत्व दुवै परिवर्तनका बाधक छन् ।

## सामाजिक सञ्जाल




**- पुरुषोत्तम ढुंगेल**

पुराना पार्टीका अध्यक्ष, मन्त्री, प्रधानमन्त्री सबैसँग राम्रो उठबस छ नै गरीब जनताले हेर्न जाने त्यो नाम मात्रको दरबारमा कफिसप खोलेर के कमाउनु होला ? अहिलेका नेताहरूको नयाँ–नयाँ दरबारमा खोल्नुस् त्यहाँ भ्रष्टचारी, कमिशन दिने लिने, ठेक्का पट्टा मिलाउने खुफियाका मानिस आउछन । कमाई त्यहाँ पो छ ।



**- विष्णु ढकाल**

नेपाली राजनीति पनि गंगटाले सर्प मीतलाई दिएको यो अर्ती जस्तै छ, 'एक बुद्धि खुरूखुरू आना खुरूखुरू जाना सय बुद्धि परे उत्ताना !' देउवा बाढी आउदा गंगटो झै उकालो लाग्ने समय कुर्ने एउटै मालिकको भक्तिभाव एक बुद्धि ! ओलीको सर्प जस्तो सय बुद्धि बाढीले मलाई केही गर्न सक्दैन भन्ने अनि उत्तानो !



**- निर्मल भण्डारी**

विद्यार्थी मारमा पर्दा, पीडित विद्यार्थीहरू लामो समयदेखि आन्दोलन गरिरहँदा, समस्याको विषयमा एक शब्द पनि नबोल्ने, नलेख्ने केही आदर्शवादी ट्विटेहरू हिजोदेखि बरबराउन थालेका छन् । सुनिल शर्मालाई कालोमोसो दलेको गलत लाग्छ भने उसले खुलेआम विद्यार्थी लुटेको विषयम किन बोल्न सक्दैनौ ?



**- रवि मिश्र**

जब बालुवाटार छिर्नेको खुट्टामा प्लास्टिकको निलो खोल लगाएको देखिन्छ । तब खड्गप्रसादको न्यास्रो मेटिएर आउँछ । बालुवाटारबाट खड्गप्रसाद गए तर बालुवाटारको खड्गप्रसाद मानसिकता गएन ।



**- विष्णु पोखरेल**

अधिकतम १० वटा शक्तिशाली मन्त्रालय बनाउ, दक्ष र उच्च ज्ञान हाँसिल गरेको व्यक्तिलाई मन्त्री बनाउ । बेकामे मन्त्रालयलाई खारेज गरेर खर्च कटौती गर । मन्त्रालयमा भएका प्रगति लाई ३/३ महिनामा मुल्यांकन गर, गलत भए सच्याउदै अगाडि बढ । जनताको राय धारणा के छ त्यसको सम्बोधन गर किन हुँदैन ।

# नेपाल एकीकरणमाथि उठेका प्रश्न

त्यो एकता थिएन, जसरी पढाइएको छ । त्यो राज्य विस्तार नै थियो । तर, तथ्य के हो भने जनमतको अनुकुलता नै यस्तो कारण हो जसले नेपाल खाल्डोबाट निकालेर विशाल पहाडि साम्राज्य खडा गर्यो । शासक तथा यो अभियानका योजनाकार र संचालक हुनुका नाताले यसको श्रेय पृथ्वी नारायण शाहलाई नै जान्छ । यति ठूलो भूगोल र सुदृढ शैन्यशक्ति तथा यसको सामरिक महत्वको अभावमा यो पहाडि राज्य फिरङ्गिबाट बच्न सम्भव थिएन ।

टिप्पणी



● लेखराज रेग्मी

गोर्खाबाट सुरु भएको राज्य विस्तार अभियान नुवाकोटमा अलिदिन बास बस्यो । सामन्ती राज्य प्रणालीमा राज्यको विस्तार भनेकै चक्रवर्ती सम्राट बन्ने साम्राज्यवादी महत्वाकांक्षा नै हो । त्यतिवेला दरबार र यसको छत्रछायाका प्रजा कृपापात्र शान्त शालिन र समृद्ध हुनु भनेकै राज्य बलियो हुने भन्ने हुन्थ्यो । पारिवारिक आर्थिक संरक्षणको सुनिश्चितता नै सेना भारदार र प्रशासनिक क्षेत्र बलियो बन्ने आधार हुन्थ्यो । त्यसैले नुवाकोट बसाईका क्रममा पनि उनको शक्तिको स्रोत गोर्खा नै रह्यो । पूर्ववर्ती शासकभन्दा पृथक र लोकप्रिय शासनकै बलमा विपक्षलाई बलपूर्वक दमन गर्दा पनि प्रजाबाट उनले समर्थन जुटाउन सके ।

कुटिर उद्योग, कलासंस्कृति भूगोल र सम्पनताले उनलाई काठमाडौंको खाल्डोले ललाइत गरिरह्यो । उनले उपत्यकाभित्र शासकहरुका ऐयाशी र आपसी मनमुटावले ग्रस्त शासकीय स्थितिको राम्रो आकंलन गर्न सके र खाल्डो कब्जा गर्न सफल भए । तर, शासकीय संयन्त्रहरुलाई पूर्णतया समाप्त गरी अफ्नो शासकीय स्थिति मजबुत नगर्दासम्म उनले यसलाई राजधानी र दरबारलाई बलियो बनाउन सक्ने थिएनन् । भिन्न सांस्कृतिक जगमा बसेको काठमाडौंलाई पूर्णत अनुकुल बनाउन शख्ती, भेद, सामाजिक सुधारलगायत बुद्धि बर्कत र चातुर्य आदि प्रयोग गरे । फेरि पनि शक्तिको स्रोत गोर्खा नै रह्यो । उपत्यकाका तीन राज्यभन्दा पृथक आधार रहेकै कारण किर्तिपुरलाई जित्न सकस पऱ्यो । यस विषयमा थप अध्ययन आवश्यक देखिन्छ ।

उपत्यकालाई पूर्णत अधिनस्थ गरिसकेपछि, आधारभूत सैन्य सुदृढिकरण सम्पन्न गरिसकेपछि उनको विजय यात्रा सुगम बन्यो । त्यतिबेला रहेका पहाडि राज्यहरुको तराई र मैदानी क्षेत्र आधारित अर्थव्यवस्था समस्याग्रस्त हुनु तथा दक्षिणी शासकका चुनौतिहरु रहनुका कारण कमजोर भैरहेका र आर्थिक केन्द्रको रुपमा उठिरहेको उपत्यकामा आफ्नो राज्य कायम रहेकै कारण उनलाई राज्य विस्तारमा सुगमता थियो । सैन्य संरचना सुधारसँगै राज्य विस्तारले प्राथमिकता पायो । भारतमा विस्तार भैरहेको फिरङ्गी शासनको त्रासले पहाडि भूगोलमा आ-आफ्ना नालायक सत्ताका विरुद्ध गोर्खाली सेना र नेपाली शासकप्रति आशा र भरोसा पैदा भैरहेको थियो । खसआर्य बहुल क्षेत्र मुगल तथा फिरङ्गी शासनको पक्षमा हुने कुरा थिएन । त्यसैले पश्चिमको बिस्तार कम चुनौतिपूर्ण रह्यो । विभिन्न जनजाती बहुलक्षेत्रमा स्थापित खस शासकीय सत्ता कमजोर जनाधारका कारण शैन्य बलमा आधारित रहेका र यसैकारण कमजोर थिए । त्यसैले पृथ्वीनारायणले ठुलो जनप्रतिरोध व्यहोर्न परेन । यी सबै अनुकुलता र भरपर्दो शैन्य संरचनाका कारण उनको राज्य बिस्तार अंग्रेजसँगको प्रत्यक्ष मुठभेडमा नपुग्दासम्म रोकिएन ।

यो एकता थिएन, जसरी पढाइएको छ । यो राज्य विस्तार नै थियो । तर, तथ्य के हो भने सक्षम, समर्पित र बफादार सेना तथा शासकीय फेरबदललाई सहज स्वीकार गर्ने जनमतको अनुकुलता नै यस्तो कारण हो जसले नेपाल खाल्डोबाट निकालेर विशाल पहाडि साम्राज्य खडा गर्यो । शासक तथा यो अभियानका योजनाकार र संचालक हुनुका नाताले यसको श्रेय पृथ्वी नारायण शाहलाई नै जान्छ । यति ठूलो भूगोल र सुदृढ शैन्यशक्ति तथा यसको सामरिक महत्ताको अभावमा यो पहाडि राज्य फिरङ्गिबाट बच्न सम्भव थिएन । यसले उनको युद्ध नीतिको सफलतालाई देखाउँछ । गोरखामै बसेर पनि यो राज्य विस्तार पनि सम्भव थिएन । काठमाडौं उपत्यकाको समृद्ध आर्थिक आधार एउटा महत्वपूर्ण कारक हो । त्यसैले उनलाई देवत्वकरण गरेर प्रस्तुत गरिनु पनि बेठिक नै हुन्छ ।

आज इतिहासलाई नकारेर होइन इतिहासका कमजोर र गलत पक्षलाई सुधार गर्दै एउटा सवल र समुन्नत गणतान्त्रिक राज्य व्यवस्थामा रुपान्तरण गरेर मात्र हामीले जनता र इतिहासप्रति न्याय गर्न सकिन्छ । अहिलेका शासकहरुमा देखिने दरबारिया शासकीय आचरण र पछिल्लो समयमा विकसित ऐयासी प्रवृत्तिको सांस्कृतिक निन्तरतासँग सम्बन्ध विच्छेद गर्दै गणतन्त्र अनुकुल शासकीय आचरण प्रवृत्ति र उन्नत गणतान्त्रिक शासकीय संस्कृतिको समृद्ध परम्पराको निर्माण र विकास आजको अरिहार्यता हो । इतिहासलाई स्वीकार गर्नु पश्चगामी बन्नु होइन, इतिहासलाई आडम्बरपूर्ण ढंगले पक्रनु वा बिरोध गर्नु देशभक्त बन्नु त झनै होइन । आजको आवश्यकता इतिहासप्रति न्याय र गर्न सक्ने गरी यसको अध्ययन र निरुपण गर्नु नै हो । यसक्षेत्रमा पर्याप्त काम हुन बाँकी नै छ ।

# अमेरिकाले चीनमा हुने सबै उडानमा प्रतिबन्ध लगाउने




**काठमाडौं/एजेन्सी–** बेइजिङले सन् २०२२ को शीतकालीन ओलम्पिक अगाडि कोरोनाभाइरस संक्रमणलाई देखाउँदै अन्य प्रतिबन्धात्मक प्रयास गरेकाले अमेरिकाले जनवरी १९ देखि चीनका लागि हुने सबै व्यावसायिक उडानहरूमा प्रतिबन्ध लगाउने जनाएको छ ।

'अर्को हप्तादेखि, २०२२ बेइजिङ शीतकालीन ओलम्पिक अघि बेइजिङका लागि कुनै पनि व्यावसायिक उडानहरू नहुने सम्भावना छ,' सीएनएनले बताएको छ । जनवरी १९ मा शुरु भएको र कम्तिमा दुई हप्तासम्म जारी रहने, संयुक्त राज्य अमेरिकाबाट चीनका लागि हुने सबै उडानहरू या त रद्द गरिएका छन् वा चिनियाँ उड्डयन नियमहरूको कारण निलम्बित हुने सम्भावना छ, सीएनएनले जनाएको छ । शुक्रबार सम्म, केवल दुई उडानहरू अझै पनि त्यो अवधिको लागि सञ्चालन गर्न योग्य देखिन्छन् ती मध्ये एक युनाइटेड एयरलाइन्ससँग हुनेछ । बेइजिङ शीतकालीन खेलहरू फेब्रुअरी ४ मा शुरु हुनेछ र सहभागीहरूले प्रायः ओलम्पिकमा सहभागिताका लागि विशेष उडानहरू लिइरहेका छन् ।

जुनदेखि चीनको नागरिक उड्डयन प्रशासनले अन्तरराष्ट्रिय उडानहरूमा तथाकथित 'सर्किट ब्रेकर' नियम लागू गरेको छ। त्यस नियमको अर्थ हो यदि पाँच वा बढी यात्रुहरूले चीनमा अवतरण गर्दा कोरोना परीक्षण पोजेटिभ देखिएमा उडान दुई हप्ताको लागि स्वचालित रूपमा निलम्बित हुन्छ। यदि १० वा बढी यात्रुहरूमा पोजेटिभ देखिएमा निलम्बन अवधि बढ्छ। चीनले आफ्नो सर्किट(ब्रेकर नियमहरूलाई महामारीको सीमापार फैलावटको जोखिम कम गर्न महत्त्वपूर्ण कदम भनेर बचाउ गरेको छ ।

'खुला र निष्पक्ष उपायहरू चिनियाँ र विदेशी एयरलाइन्स दुवैमा समान रूपमा लागू हुन्छन्,' विदेश मन्त्रालयका प्रवक्ता हुआ चुनयिङले अगस्टमा भनेका थिए। डिसेम्बर २४ देखि जनवरी १२ सम्म, चीनको लागि प्रस्थान गर्ने ९,३५६ अन्तरराष्ट्रिय उडानहरू मध्ये एक तिहाइ भन्दा बढी रद्द गरिएका छन् ।

# 'युक्रेनमाथि आक्रमण गर्न रुसले विभिन्न बहाना बनाउँदैछ'



**काठमाडौं/एजेन्सी–** युक्रेनमाथि आक्रमणको बहाना सिर्जना गर्नका लागि रुसले उत्तेजक कार्यको षड्यन्त्र गरिरहेको अमेरिकाले आरोप लगाएको छ। अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका प्रवक्ताले 'फल्स फल्याग' अपरेसनको तयारी रुसले गरेको बताएका छन् । युक्रेनलाई उत्तेजित बनाएर आक्रमणको बहाना खोज्नका लागि रुसले गलत मनसायले भड्काउ गतिविधिको तयारी गरेको अमेरिकी आरोप छ। रुसले भने अमेरिकी आरोप खारेज गरेको छ ।

पेन्टागनका प्रवक्ता जोन किर्बीले रुसले युक्रेनलाई भड्काएर आक्रमणको बहाना बनाउनका लागि नियोजित आक्रमणको तयारीका लागि एक समूह नै बनाएको आरोप लगाएका हुन् । युक्रेनको विषयलाई लिएर सघन बनेको तनाव कम गर्नका लागि अमेरिका र रुसबीच पछिल्लो एक हप्तायता विभिन्न वार्ता भएका छन् । तर त्यसबाट नतिजा भने निस्कन सकेको छैन ।


युक्रेनका एक दर्जनभन्दा बढी आधिकारिक वेबसाइटमा भएको साइबर आक्रमणमा रुसको संलग्नता रहेको युक्रेनका अधिकारीले शुक्रबार आरोप लगाएका थिए । आधिकारिक वेबसाइटहरु अफलाइन भएको र युक्रेनीहरुलाई खराब अवस्थाका लागि तयार रहन चेतावनी दिइएको थियो ।

अमेरिका र नेटोले साइबर आक्रमणको निन्दा गर्दै युक्रेनको साथमा रहेको बताएका छन् । साइबर आक्रमणका सम्बन्धमा भने रुसले कुनै टिप्पणी गरेको छैन । पछिल्लो समय रुसले युक्रेनसँगको सीमा क्षेत्रमा एक लाखभन्दा धेरै सैनिक तैनाथ गरेको छ । अमेरिकासहितका पश्चिमा देशले यसलाई युक्रेनमाथि रुसी आक्रमणको तयारी भनेका छन् । तर रुसले भने आक्रमणको कुनै योजना नरहेको दाबी गर्दै आएको छ ।

# भारतमा थपिए दुई लाख ६८ हजार संक्रमित

**काठमाडौं/एजेन्सी–** भारतमा कोरोनाभाइरसबाट थप दुई लाख ६८ हजारभन्दा बढी सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले शनिबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा दुई लाख ६८ हजार ८३३ जना नयाँ सङ्क्रमित थपिएका हुन । यो सङ्ख्या अघिल्लो दिनकोभन्दा चार हजार ६३१ बढ भएको पनि अधिकारीले जानकारी दिएका छन् । शुक्रबार सार्वजनिक गरिएको विवरणअनुसार भारतमा पछिल्लो २४ घण्टामा दुई लाख ६४ हजार २०२ जना नयाँ सङ्क्रमित भएका थिए । भारतमा अहिलेसम्म कुल तीन करोड ६८ लाख ५० हजार ९६२ कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । तीमध्ये १४ लाख १७ हजार ८२० जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् । त्यसैगरी कुल सङ्क्रमितमध्ये छ हजार ४१ जना कोरोनाभाइरसबाट सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म चार लाख ८५ हजार ७५२ जनाको मृत्यु भएको छ ।

# शक्तिशाली ज्वालामुखी विस्फोटपछि सुनामीको चेतावनी



**काठमाडौं/एजेन्सी–** न्यूजिल्याण्ड, फिजी र टोंगालगायत कयौं देशमा भएको शक्तिशाली ज्वालामुखी विस्फोटनपछि सुनामी आउने खतरा देखिएको छ । यो ज्वालामुखीको बिस्फोटन पानीभित्र भएको थियो । टोंगाबाट सामाजिक सञ्जालमा सार्वजनिक भएका तस्बिरहरुमा पानीको छालहरु कयौं घर र चर्चको माथिबाट बगिरहेको देखिइरहेको छ। प्रत्यक्षदर्शीहरुका अनुसार टोंगाको राजधानी नुकुअलोफामा ज्वालामुखीबाट निस्किएको खरानी जहाँतँही छरिएको थियो ।

सहरमा बस्ने नागरिकलाई अग्लो ठाउँमा स्थानान्तरण हुनको लागि अनुरोध गरिएको छ । हुँगा टोंगा- हुँगा हापाई ज्वालामुखीमा भइरहेको हलचलपछि यो सबैभन्दा ताजा बिस्फोट हो । उता फिजीको राजधानी सुवामा ८ मिनेटसम्म भएको ज्वालामुखी विस्फोटको स्वर ठूलो रहेको र यसको आवाज ५०० माइल परसम्म सुनाइदिएको त्यहाँका अधिकारीहरुले बताएका छन् ।

टोंगाको भूगर्भ विभागका अनुसार ज्वालामुखीबाट निस्किएको ग्यास, धुँवा र बादल आकाशभन्दा २० किलोमिटर उचाई माथि पुगेका थिए । टोंगाको राजधानी यो ज्वालामुखीभन्दा ६५ किलोमिटर पर रहेको छ ।

अष्ट्रेलियाको मौसम विभागका अनुसार १ दशमलव २ मिटर अग्लो सुनामी त्यहाँ आइरहेको देखिएको छ । यही ज्वालामुखीले २३०० किलोमिटर पर रहेको न्यूजिल्याण्डमा पनि तुफान आउने संभावना रहेको छ ।

# ब्राजिलमा ५–११ वर्षका बालबालिकालाई खोप

**काठमाडौं/एजेन्सी–** ब्राजिलले पाँचदेखि ११ वर्षका बालबालिकाका लागि खोप अभियान सुरु गरेको अधिकारीलाई उद्धृत गरी ब्राजिलियाली सञ्चारमाध्यम सिएनएन ब्रासिलले जनाएको छ । ब्राजिलका अनुसार यो उमेर समूहमा खोप लगाउने पहिलो बच्चा आठ वर्षीय आदिवासी बालक रहेका छन् । उनलाई साओ पाउलो अस्पतालमा खोप लगाइएको हो ।

डिसेम्बर १६ मा, ब्राजिलको स्वास्थ्य नियामक एन्भिसाले पाँच देखि ११ वर्षका बालबालिकाहरूमा प्रयोग गर्नका लागि फाइजर-बायोएनटेकको कोभिड-१९ विरूद्धको खोपलाई अनुमोदन गरेको थियो ।

यो खोप बालबालिकाको लागि खोप लगाउन सुरक्षित रहेको बताइएपछि विभिन्न देशहरूमा उक्त उमेर समूहका बालबालिकालाई पनि खोप दिन थालिएको छ । नर्वेलगायतका कतिपय यूरोपेली मुलुकले पनि बालबालिकाका लागि यसको प्रयोग गर्न अनुमति दिइसकेका छन् ।

यद्यपि, बालबालिकालाई खोप लगाउनु आवश्यक नभएको भन्दै ब्राजिलका राष्ट्रपति जाइर बोल्सोनारोले आफ्नो ११ वर्षीया छोरीले बालबालिकाको लागि लगाइने भनिएको खोप नलगाउने बताएका छन् ।

ब्राजिलले सन् २०२१ को जनवरीमा खोप अभियान शुरु भएदेखि अहिलेसम्म ३२ करोड मात्रा खोपको व्यवस्था गरेको छ । यहाँ हाल लगभग १४करोड ३० लाख मानिसहरू अर्थात् ६८ प्रतिशत जनसंख्याले पूर्ण खोप लगाएका छन् ।

यस्तै नर्वेमा ५ देखि ११ बर्षसम्मका बालबालिकाले पनि कोरोनाभाइरसविरूद्धको खोप लगाउन पाइने भएको छ । सरकारी अधिकारीले नै सो उमेर समूहका बालबालिकालाई खोप लगाउन मिल्ने सिफारिस गरेको समाचारमा जनाइएको छ ।

नर्वेमा यसअघि १२ देखि १५ बर्षसम्मका बालबालिकाहरुलाई खोप लगाइदै आएको अधिकारीले जानकारी दिएका छन् । उनीहरूले अहिले खोपको पहिलो मात्रा लगाएका छन् भने अभिभावकले चाहेमा उनीहरुलाई दोस्रो मात्रा खोप पनि लगाउन सकिने अधिकारीको भनाइ छ ।

नर्वेका वयस्कहरूमध्ये अधिकांशले भने खोपको दुवै मात्रा लगाइसकेका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार खोप लगाउन मिल्ने वयस्क र बृद्धबृद्धामध्ये ९० प्रतिशतभन्दा बढीले कोरोना भाइरसविरुद्धको दुवै मात्रा खोप लगाइसकेका छन् ।

## नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।१०।०२

यस प्रा.लि.को मिति २०७८।०९।२७ को विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लिटल डायमण्ड इङ्लिस स्कुल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदी परिवर्तित नामको **युरो वर्ल्ड स्कुल काठमाडौं प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम पारिवर्तन गरिएकोले सम्बन्धित सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनिको पूर्व नाम:** लिटल डायमण्ड इङ्लिस स्कुल प्रा.लि.
**परिवर्तित नाम:** युरो वर्ल्ड स्कुल काठमाडौं प्रा.लि.
**ठेगाना:** नागार्जुन न.पा वडा नं. १, रानीबन ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०७८/१०/०२**

**एक्सोडस हिमालयन ट्राभल्स एण्ड टुर्स प्रा.लि**को मिति २०७८/०९/१८ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **काथे सोलुसन प्रा.लि,(प्रा.लि.नं.: ९१५९०)**, कायम गर्ने गरी मिति २०७८/०९/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कतारमा रोजगार | १. कम्पनी : STAR CITY FOR CLEANING AND PEST COTROL
शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७७२ | LT. No.: 256173

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pest Control Tech | 3 | 0 | सम्बन्धित कामामा दक्ष | 1200 | ३९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 1 | 0 | | 2500 | ८१,२५० | | | | | | | |

२. कम्पनी : NEW FAMILY HYPERMARKET | शहर: QATAR
पूर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७७४ | LT. No.: 256285

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 0 | सम्बन्धित कामामा दक्ष | 1500 | ४८,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 11 | 0 | | 1000 | ३२,५०० | | | | | | | |
| 3. | Salesman | 3 | 0 | | 1500 | ४८,७५० | | | | | | | |

३. कम्पनी : ASYAD A/C & REFRIGERATION WLL | शहर: QATAR
पूर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७७५ | LT. No.: 256172

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 7 | 0 | स. काममा दक्ष | 1000 | ३२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ९ गते (20 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ५५३/०06७/०६८

**Perfect Recruiting Service Pvt. Ltd.**
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 4987640,4950764 Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com
Mobile: 9802071039, 9803632493, 9841390685, 9828010982, 9857821827



## साउदीमा रोजगार | १. कम्पनी : AL-NABAA ARABIA COMPANY FOR TRADING ENTERPRISES LTD.
शहर : Riyadh

पुर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७७८ | LT. No.: 256211

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ९ गते (20 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ६७२/०६३/६४

**एस.एल.डी ईन्टरनेशनल प्रा.लि.**
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२३, ९०२८२४, ९०२८२५
मो.:९८५१०४७३६५, ९८१८६२८४४८



## साउदीमा रोजगार | १. कम्पनी : FARHAN MAHAMUD TURKI AL AIDAA MEAL SERVING EST
शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७६४ | L.T. No.: 256259

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Main Food Server | 2 | 0 | | 1200 | ३७,७०४ | | | | | | | |
| 3. | Restaurant Labour | 1 | 0 | | 1200 | ३७,७०४ | | | | | | | |

२. कम्पनी : ZAITI PETROLEUM COMPANY | शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७६९ | L.T. No.: 256233

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : FATIMA AHMED MOAIDH AL HARTHY RESTAUANT | शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०९/२९ | चलानी नं.: ६०१७२७७० | L.T. No.: 256260

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : ZONE RESTAURANT FOR SERVING MEAL | शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७६८ | L.T. No.: 256079

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : SASCO PALM COMPANY | शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७६५ | L.T. No.: 256258

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 67 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : SAUDI AUTOMOTIVE SERVICES COMPANY | शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७६७ | L.T. No.: 256257

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी : NAJAMAT AL SARAYA TRADING EST | शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/०९/३० | चलानी नं.: ६०१७२७६६ | L.T. No.: 256234

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1300 | ४०,८४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ माघ ९ गते (23 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com


## धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान-१२, सुनसरी

### दरभाउपत्रको सूचना

**प्रकाशित मिति २०७८।१०।०२**

प्रस्तुत सन्दर्भमा यस कार्यालयको लागि त्वदभित एऋ बिद्धुतिय माध्यमबाट दरभाउपत्र खरिद गर्नुपर्ने भएकोले उक्त सामाग्री खरिदकालागि देहायका शर्तहरुको अधीनमा रही तपसिलमा उल्लेख भएको ठेक्का नं. 05/DHARAN/GOODS/SQ/078/79 बमोजिम दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यस कार्य प्रयोजनका लागि www.bolpatra.gov.np/egp मार्फत् पेश गर्न सकिने छ । अन्य थप जानकारीका लागि यस कार्यालयको खरिद शाखा तथा कार्यालयको website:–www.dharan.gov.np बाट बिस्तृत सूचना अध्ययन गर्न सकिने व्यहोरा सम्बन्धित सम्पूर्ण जानकारीका लागि अनुरोध छ ।

| क्र.स. | ठेक्का नं | विवरण | फारम दस्तुर | दरभाउपत्र जमानत | प्रकाशन मिति | पेश गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | 05/DHARAN /GOODS /SQ/078/79 | Tablet | रु. १०००/०० | रु. २५,५००/०० | २०७८/१०/०२ | २०७८/१०/१७ दिनको १२ बजे सम्म | २०७८/१०/१७ दिनको १ बजे |

# बक्स अफिस समाचार

रेडियोकर्मी हुँदै कलाकारितामा होमिएका अहिलेका ब्यस्त कलाकार अशोक घिताल २०५८ देखि निरन्तर यसै क्षेत्रमा सक्रिय छन् । लोकप्रिय हास्य टेलिचलचित्र 'भद्रगोल'मा बाहुन डनको पात्रले परिचित घिताल हाल हप्ताको दुई पटक प्रसारण हुँदै आइरहेको पारिवारिक टेलि सिरियल 'मेरो कथा'मा ब्यस्त छन् । दर्जनौं म्युजिक भिडियो र केही चलचित्रमा काम गरेका घिताल चलचित्र 'मेरो कथा' को पनि नायक हुन् । कलाकारितासँगै एपिवान टेलिभिनबाट प्रसारण हुने मौलिक रियालिटी शो 'लोक स्टार' का कार्यक्रम संचालक पनि हुन् उनी । चलचित्रमा हास्य अभिनयसँगै विविध विधामा घितालको दख्खल रहेपनि दर्शकहरुले उनलाई हास्य अभिनेताको रुपमा बढी रुचाएका छन् । प्रथम काँठे लोक दोहरी महोत्सव २०७६ सम्मान पत्र, नेपाल म्युजिक अवार्ड २०७५ सममान पत्र, अर्को आँखा साप्ताहिक २०६९ युवा सिर्जनशील सम्मान लगायतका सम्मानहरुबाट सम्मानित भैसकेका कलाकार अशोक घितालले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

## 'कला क्षेत्रको विकासका लागि राज्यले दीर्घकालिन सोच बनाउनुपर्छ'

**अशोक घिताल, कलाकार**



### पछिल्लो समय के गर्दै हुनुहुन्छ ?

टेलिभिजनमा कार्यक्रम चलाउँछु । अहिले प्रसारण भैरहेको सिरियल 'मेरो कथा'मा पनि काम गरिरहेको छु । आफ्नै व्यवसाय पनि भएकोले यस्तै यस्तैमा ब्यस्त छु । नयाँ प्रोजेक्ट गर्ने भनेर तयारी हुँदै थियो फेरि लकडाउनको हल्लाले चिन्तित छु ।

### पहिलो कोभिडको समय कसरी बिताउनु भयो ?

कोभिड १९ को विश्वव्यापी संक्रमणबाट नेपाल पनि अछुतो रहन सकेन, पहिलो चरणको संक्रमणबाट बिस्तारै पार हुँदै गएको अवस्थामा दोस्रो चरणको संक्रमण झन् व्यापक बन्यो र राज्यले निषेधाज्ञा नै जारी गर्न बाध्य भयो । यस्तो अवस्थामा सुटिङ हुने कुरै भएन ।

### कोभिडको कारण समस्यामा परेकाहरुलाई सहयोग गर्नु भएन ?

म समाजसेवामा पनि पहिलेदेखि नै सक्रिय हुँदै आइरहेका कारण सहकर्मी साथीहरु, शुभेच्छुकहरु र प्रशंसकहरुसँग सहकार्य गरेर संक्रमणमा परेकालाई स्वास्थ्य समाग्री, अक्सिजनको व्यवस्थापन तथा न्यून आए भएका चलचित्र प्राविधिक मजदुर वर्ग र आवश्यक क्षेत्रमा आर्थिक, भौतिक र नैतिक समर्थन र सहयोग गर्ने काम भयो । फेरि संक्रमण बढ्दैछ यसपालि पनि समस्यामा परेकाहरुको मद्दतमा जुट्ने छु ।

### तपाईं नायक हो कि खलनायक ?

'जस्तोसुकै चरित्र र पात्र किन नहोस्, लेखकको कल्पना र निर्देशकको परिकल्पना अनुसार अभिनय क्षमता देखाउँदै आएको छु । कमेडी सिरियल 'भद्रगोल'मा बाहुन डन भिलेन बनेर गरेको अभिनय सबैले रुचाउनु भएको छ । चलचित्रमा इमान्दार प्रहरीको भूमिकामा देखिँदा पनि दर्शकहरुले मन पराउनु भएको पाएको छु । नायक, खलनायक भन्दा पनि आफुलाई दिइएको भूमिकामा न्याय गर्न सक्नु नै बास्तविक कलाकार हो जस्तो लाग्छ । अभिनयको नवरसभित्र रहेर जस्तोसुकै चरित्रको अभिनय गर्न सक्छु भन्नेमा म विश्वस्त छु ।

### तपाईं त हास्य कलाकार पनि हो, दर्शकको रुचीमा के भिन्नता पाउनु हुन्छ ?

सबैलाई थाहा भएकै कुरा हो पछिल्लो समयमा रोमान्टिक, लभस्टारी, एक्सन भन्दा हास्य चलचित्रको दबदबा रहेको अवस्थामा गैरहास्य कलाकारहरू समेत हास्य चलचित्रमा आकर्षित भएका छन् । हास्य कलाकारलाई नै मुख्य नायक बनाएर चलचित्रहरू सफल र सुपरडुपर हिट भएको उदाहरण छन् । नेपाली दर्शकहरुको आ-आफ्नै रुची भएता पनि हास्य खुराक अलि बढी नै रुचाएको पाएको छु ।

### यो क्षेत्रमा प्रवेश कहिले भयो ?

२०५८ सालदेखि म अभिनय क्षेत्रमा सक्रिय भएर लागेको हुँ । चलचित्र क्षेत्रमा प्रवेशअघि म भित्रको अभिनय कुशलता निखार्ने काम विद्यालय तथा क्याम्पसका स्टेज शोहरुमा हुन्थे । तर व्यावसायिकरुपमै यस क्षेत्रमा लागेको ०५८ बाट नै हो । विभिन्न उतारचढावका बावजुद पनि यो क्षेत्रमा अलग पहिचान बनाउन सकेकोमा खुशी लाग्छ ।



### अहिले हामी कहाँ हास्य ब्यंग्य कलाकारहरुको अवस्था कस्तो छ ?

नेपालमा हास्य ब्यंग्य अत्यधिक रुचाइने विषय हो । हास्य ब्यंग्य हाम्रो सभ्यता पनि हो । कसैको ब्यांग्यात्मक कसैको सम्वेदनात्मक आफ्नो आफ्नो तरिकाको प्रस्तुति हुने समाज हो हाम्रो । गाउँमा हुने मेला, जात्रा पर्वहरुमा पनि विशेष गरी हास्य हाउभाउ प्रस्तुत गर्ने ब्यक्ति सबैको प्रिय हुन्थ्यो । अन्य अभिनेता भन्दा हास्य अभिनय गर्ने अभिनेताहरुको आम्दानी र सामाजिक सम्मान नेपालमा अत्याधिक रहेको पाइन्छ ।

### भने पछि आर्थिकरुपले पनि सन्तुष्ट हुनुहुन्छ ?

आफुले मिहेनत गरे अनुसार आर्थिकरुपले पनि म सन्तुष्ट छु ।

### स्टेज कार्यक्रमहरुमा तपाईंको माग ?

कोभिड संक्रमण हुनु पहिले देश, विदेशमा हुने स्टेज कार्यक्रममा भ्याईनभ्याई हुन्थ्यो, यो बीचमा कुनै पनि स्टेज कार्यक्रममा सहभागी हुन पाएको छैन । बिस्तारै वातावरण सहज हुने क्रममा छ । मेरो अभिनय रुचाउने दर्शकहरुको माग मेरो प्रस्तुति देश विदेशका स्टेजहरुमा पनि होस् भन्ने रहेको छ । आयोजकहरु पनि मेरो माग गर्नु हुन्छ । त्यसैले समय व्यवस्थापन गरेर स्टेज शोहरुमा पनि जान्छु ।

### कला क्षेत्रको बिकासका लागि राज्यको तर्फबाट के हुनुपर्छ जस्तो लाग्छ ?

कला क्षेत्र वा चलचित्र क्षेत्रले हजारौं ब्यक्तिलाई उसको सीप र क्षमताअनुसारको रोजगारी दिँदै आइरहेको छ । साथै राज्यलाई कर पनि तिर्दै आएको छ । त्यसैले यसको विकासका लागि सरकारले दीर्घकालिन कार्यक्रमहरु ल्याउनु पर्छ । यसै क्षेत्रमा आफ्नो जीवन बिताएका कलाकार, प्राविधिकहरुको वृद्धावस्था निकै नाजुक हुने गरेको छ । जसका लागि आर्थिक सहयोग वा अनुदानको व्यवस्था हुन आवश्यक छ । पेशामा सम्बद्ध कलाकर्मीरुको प्रोत्साहनका लागि प्रशिक्षणलगायत अवसरको सिर्जना गर्नुपर्ने देखिन्छ ।


## SAUDI ARABIA मा बैदेशिक रोजगारको अवसर

**Company: ESNAD Trading Co.**, Saudi Arabia, Saudi

पूर्व स्वीकृती मिति: २०७८/०९/३० चलानी नं. ६०१७२७१५ LT No.: 256190

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 3 | 0 | 1000 | ३१,४६० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

**अन्तरवार्ता २०७८ माघ ९ (23 January 2022) गते यस प्रा. लि. को कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

MARVELOUS EMPLOYMENT NEPAL
Lic.No. 065/051/052
AN ISO 9001-2008 Certified Company

**मार्भलस इम्प्लोएमेन्ट नेपाल प्रा. लि.**
काठमाण्डौ-३४, शान्तिनगर, काठमाण्डौ,
फोन: ०१ - ४६२०९२९, ४६२११७६


## अमेरिकाबाट नारायणले ल्याए 'भतभती पोल्छ'



**काठमाडौं, मस –** समलिङ्गी प्रेम सम्बन्ध, बिहे अनि समाजले हेर्ने दृष्टिकोणलाई जीवन्त रूपमा प्रस्तुत गरिएको सामाजिक सन्देश बोकेको म्युजिक भिडियो 'भतभती पोल्छ' सार्वजनिक भएको छ । यस गीतमा युवा पुस्ताकि चर्चित गायिका रचना रिमालको सुमधुर स्वर सुन्न सकिन्छ ।

गीतमा शब्द अमेरिकामा बस्दै आएका गीतकार नारायण रसाइलीको रहेको छ । दीप घतानीले संगीतवद्ध गरेको यस गीतलाई संजिव बराइलीले संगीत संयोजन गरेका हुन् । भिडियोमा पल शाह र प्रियाना आचार्यको जिवन्त अभिनय रहेको छ । बुद्ध थापाले छायाँकन गरेको यस भिडियोलाई विकाश धमलाले सम्पादन गरेका हुन् ।

तारा लोहनी रसाइली निर्मात्री रहेकी यस भिडियोलाई निकेश खड्काको निर्देशनमा तयार पारिएको हो । भिडियो गीतकार रसाइलीको च्यानल 'नारायण रसाइली अफिसिएल' मार्फत सार्वजनिक गरिएको हो । कलाकारले मनोरञ्जन दिने मात्रै होइन परेको बेला गीतका माध्यमबाट सामाजिक दायित्व पनि पुरा गरिरहेका हुन्छन् भन्ने उदेश्यका यो म्युजिक भिडियो प्रस्तुत गरिएको गीतकार रसाइलीले बताएका छन् ।


## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर
१ नं. प्रदेश, नेपाल

**बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**पत्रिकामा सूचना प्रकाशित मिति:-२०७८-१०-०२**

१. उदयपुरगढी गाउँपालिकाको आ.व.०७८/७९ का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमका निर्माण कार्यहरु गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/ कम्पनिहरुलाई उल्लेखित शर्तहरुको अधिनमा रहि रीतपूर्वक विधुतीय खरिद प्रक्रिया (E–bid) मार्फत सहभागी हुन जानकारीको लागि यो बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. र प्रकार | कामको विवरण | लागत अनुमान रकम (VAT / PS बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद रकम रु. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | URM/NCB/ Works/ 05-2078/79 | Gaupalika Bharika Sabai Bato Sarsafai tatha Marmat(with in all wards at different segment) | ८५,४२,४१०.६९/- | २,१०,०००/- | ३,०००/- | २०७८-११-०३ समय:-१२:०० बजे | २०७८-११-०३ समय:-१३:०० बजे | **कार्यालयको नाम:-** उदयपुरगढी गाउँपालिका, उदयपुरगढी -०५, उदयपुर **बैंकको नाम:-** सानिमा बैंक, उदयपुरगढी शाखा **राजस्व खाता नं.:-** १२४०१००४०००००१ **धरौटी खाता नं.:-** १२४०१००४००००१५ **कार्यालय कोड नं.:** - ८०१०११९०५ |
| २ | URM/NCB/ Works/ 18-2078/79 | **Tintale Chhanga Rangabhanjyang Khanepani Aayojana** | ७७,५५,९७६.६४/- | २,००,०००/- | ३,०००/- | २०७८-११-०३ समय:-१२:०० बजे | २०७८-११-०३ समय:-१३:०० बजे | |
| **Sealed Quotation** | | | | | | | | |
| ३ | URM/NCB/ Works/ 19-2078/79 | Upgrading Works of Mathillo Chiyabari Krishi Sadak and Kamere Kholsa Bata Simle Samma Gravel | ९,३८,५०३.४७/- | २५,०००/- | १,०००/- | २०७८-१०-१७ समय:-१२:०० बजे | २०७८-१०-१७ समय:-१३:०० बजे | |

**नोट:-** बोलपत्र तथा दरभाउपत्र सम्बन्धि बृस्तृत जानकारीको लागि यस कार्यालयको वेब साइट www.udayapurgadhimun.gov.np हेर्नुहुन अथवा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ए डिभिजन लिगमा संकटाको पहिलो हार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

राजधानीमा जारी शहीद स्मारक ए डिभिजन लिग फुटबलमा संकटा क्लबले पहिलो हार व्यहोरेको छ। दशरथ रंगशालामा शनिबार भएको दोस्रो खेलमा ललितपुरे क्लब थ्रीस्टारसँग १-० गोल अन्तरको पराजय व्यहोरेको हो। यो सँगै नवौं चरणमा आएर संकटाको अपराजित यात्रामा पूर्णविराम लागेको छ।

थ्रीस्टारविरुद्ध अन्तिम सकेण्ड सम्हालिन नसक्दा पराजय भोग्न पुग्यो। थ्री स्टारले इन्जुर समयमा गोल निकाल्दै संकटाको अपराजित यात्रालाई पूर्णविराम लगाईदिएको हो। थ्री स्टारलाई महत्वपूर्ण जित दिलाउन विजय भुजेलले गरेको एक मात्र गोल नै निर्णायक बन्यो। ९० मिनेटसम्म दुवै टोली गोल गर्न असफल रहेका थिए।

तर सात मिनेट थपिएको अतिरिक्त समयमा थ्रीस्टारका लागि भुजेलले गोल गरेका थिए। यससँगै थ्री स्टार चौथो स्थानमा उक्लिएको छ भने सकंटा पाँचौं स्थानमा झरेको छ। थ्री स्टारले ९ खेलबाट १६ अंक जोड्दा संकटाको १४ अंक भएको छ।

त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा नै भएको पहिलो खेलमा आर्मीले फ्रेन्ड्सलाई ३-१ ले पराजित गर्दा गरेको थियो।जितसँगै आर्मी तालिकाको तेस्रो स्थानमा उक्लिएको छ। निकै रोमाञ्चक बनेको खेलमा आर्मीलाई जित दिलाउन जगजित श्रेष्ठ, दिनेश हेन्जन र सुमन अर्यालले एक/एक गोल गरे। फ्रेन्ड्सका जमल एन्थोनीले एक गोल फर्काए।

अघिल्ला खेलमा सन्तोष जनक नतिजा निकाल्न असफल आर्मीका लागि दशौं मिनेटमा जगजित श्रेष्ठले गोल गर्दै सुरुआती अग्रता दिलाएका थिए। पेनाल्टी एरियाको बाँयातर्फबाट जगजितले क्रस गरेको बल पोस्टमा लाग्दै गोलमा परिणात भएको थियो। ४५ औं मिनेटमा दिनेशले गोल गर्दै आर्मीलाई पहिलो हाफमा २-० को अग्रता दिलाए। जर्ज प्रिन्सको हेडर पासमा अनमार्क रहेका दिनेशले सहजै गोल गरे। दोस्रो हाफको सुरुआतमै फ्रेन्ड्सले एक गोल फर्कायो। आर्मीका डिफेन्डरको गल्तीमा एन्थोनीले गोल गर्दै खेल २-१ को स्थितिमा ल्याए। खेलको ७१ औं मिनेटमा सुमनले गोल गर्दै आर्मीलाई ३-१ को अग्रता दिलाए।

यस जितसँगै आर्मी लिगको तेस्रो स्थानमा उक्लिएको छ। आर्मीले ९ खेलमा १७ अंक जोडेको छ। फ्रेन्ड्सले ९ खेलमा ३ अंक जोडेको छ। फ्रेन्ड्स पुछारमा यथावत छ। रेलिगेशनबाट बच्न संघर्ष गरिहेको छ।



फ्रेन्ड्सविरुद्ध बल अघि बढाउँदै त्रिभुवन आर्मीका कप्तान भरत खवास

# आर्मी र एपीएफलाई भलिबल उपाधि



**पोखरा/मस-** पोखरामा भएको दोस्रो संस्करणको 'टाइगर कप आमन्त्रित खुला महिला तथा पुरुष भलिबल' प्रतियोगितामा पुरुषतर्फ त्रिभुवन आर्मी क्लब र महिलातर्फ सशस्त्र प्रहरीको एपीएफ क्लबले उपाधि जितेका छन्।

टाइगर ग्रुप अफ पोखराका आयोजनामा २६ गतेदेखि सञ्चालन भएको प्रतियोगिताको शनिबार भएको फाइनल खेलमा पुरुषतर्फ आर्मीले टिपटप हेल्प नेपाल स्पोर्ट्स क्लबमाथि ३-१ को सेटमा जीत निकाल्दै च्याम्पियन बन्न सफल भएको हो।

उपाधि विजेता आर्मीले तीन लाखसहित ट्रफी र मेडल प्राप्त गर्न सफल भयो भने उपविजेता टिपटपले एक लाख ५० हजारसहित ट्रफी र मेडल प्राप्त गरेको छ। आर्मीले टिपटपलाई २५-१८, २४-२६, २५-१८ र २५-१९ अङ्कले पराजित गरेको हो। पहिलो संस्करणमा आर्मी सोही हेल्पनेपालसँग पराजित हुँदै उप विजेता भएको थियो।

यस्तै, महिलातर्फको उपाधिका लागि दुई विभागीय टोलीबीचको खेलमा एपीएफले नेपाल आर्मीलाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि आफ्नो पोल्टामा पार्न सफल भएको हो।

एपीएफले आर्मीलाई २५-२३, २५-१५ र २५-२० को सोझो सेटमा पराजित गर्न सफल भयो। उपाधि विजेता एपीएफले रु तीन लाखसहित ट्रफी र उपविजेता आर्मीले रु एक लाख ५० हजार पुरस्कार पायो। प्रतियोगितामा महिलातर्फ होङ्गान्जी न्यू डायमन्ड स्पोर्ट्स क्लब रु ७५ हजार तथा चौथो भएको पुलिसले रु ३५ हजार पुरस्कार प्राप्त गर्न सफल भयो। पुरुषतर्फ नेपाल पुलिस तृतीय र आयोजक गण्डकी प्रदेश चौथौ स्थान प्राप्त गरी क्रमशः रु ७५ हजार र रु ३५ हजार पुरस्कार प्राप्त गरे।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पुरुषतर्फ आर्मीका दानबहादुर बुढा क्षेत्री र महिलातर्फ एपीएफका सरस्वती चौधरी घोषित हुँदै जनही रु २५ हजार पुरस्कार पाउनुभयो। विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई पनि नगदसहित पुरस्कृत गरिएको थियो।

महिलातर्फ उत्कृष्ट सर्भर एपीएफका निरुता ठगुन्ना, सेटर आर्मीका कृपा अधिकारी, ब्लकर एपीएफका हीरा केसी, लिब्रो न्यू डायमण्डका शलिना श्रेष्ठ, स्पाइकरमा आर्मीका शान्तिकुमारी थारू र प्रशिक्षकमा एपीएफका महेश चौधरी घोषित हुँदै जनही १० हजार पुरस्कार प्राप्त गरे।।

यसैगरी पुरुषतर्फ उत्कृष्ट सेटर नेपाल प्रहरीका इमबहादुर राना, सर्भर आर्मीका हरिहजुर थापा, ब्लकर टिपटपका अमित गुलिया, लिब्रो आर्मीका ईश्वर थापा, स्पाइकर टिपटपका विनितकुमार चौधरी र प्रशिक्षक आर्मीका जगतबहादुर सिंह घोषित हुँदै जनही १० हजारका दरले पुरस्कार प्राप्त गर्नुभयो। प्रतियोगितामा महिला तथा पुरुषतर्फ पाँच-पाँच वटा टोली गरी १० टोलीको सहभागिता रहेको थियो।

प्रतियोगिताको विजयी टोली तथा सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट खेलाडीलाई गण्डकी प्रदेशका निर्वतमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, नेपाल भलिबल सङ्घका अध्यक्ष मनोरञ्जन रमण शर्मा, साउद एशियन सेन्टर भलिबल एशोसिएशनका अध्यक्ष मोहम्मद लतिफ, नेपाल भलिबल सङ्घका महासचिव जितेन्द्रबहादुर चन्द, राखेप बोर्ड सदस्य राजेशकुमार गुरुङ, आयोजक टाइगर ग्रुपका अध्यक्ष नारायणप्रसाद शर्मालगायतले पुरस्कार वितरण गरेका थिए।

# भेट्रान्स फुटबलको उपाधि टी बर्गरलाई

**पोखरा/मस-** पोखराको एबीसी भेट्रान्समाथी ३-० गोलले पराजित गर्दै ललितपुरको टी वर्गर भेट्रान्सले उपाधि जितेको छ।

पोखराको प्रतिष्ठित संस्था बगर भाई खलकको आयोजनामा शनिवार सम्पन्न '५ औं स्व.रञ्जित गुरुङबगर भाई खलक एट-ए-साइड अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको' उपाधि जितेको हो। फाइनलमा टी वर्गरलाई उपाधि जिताउन भुपेन लिम्वुले २ र रमेश गुरुङले एक गोलको योगदान दिए।

उपाधि संगै टिवर्गरले नगद १ लाख ५१ हजार १ सय १ सय ११ सहित रनिङ्ग शिल्ड, पदक र प्रमाणपत्र प्राप्त गरेको छ भने एबीसीले उपाविजेता बन्दै नगद ७५ हजार ५ सय ५५ सहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरेको छ। फाइनल खेलमा म्यान अफ दि म्याचको ट्रफी टि वर्गरका भूपेन लिम्वुले हात पारे।

'स्वास्थ्यको लागि एक घण्टा व्यायाम, नागरिकहरुका लागी नौलो आयाम' भन्ने मूल नाराका साथ २६ गतेबाट सञ्चालन भएको प्रतियोगितामा टी वर्गरका भुपेन लिम्वु सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै नगद ट्रफी सहित नगद १० हजार हात पारेका छन्। उनी उत्कृष्ट मिडफिल्डर हुँदै थप नगद ५ हजार समेत हात पारे। प्रतियोगिता अन्तर्गत अन्य विद्यामा अन्तर्गत उत्कृष्ट गोल रक्षकमा टी वर्गरका मिन बहादुर बस्नेत, उत्कृष्ट डिफेण्डरमा एविसीका विष्णुलाल श्रेष्ठ, उत्कृष्ट फवार्डमा टि वर्गरका नगेन लिम्वु घोषित भए। उनीहरुले जनही नगद ५ हजारका साथमा ट्रफी हात पारे।

एपाधि विजेता टिम तथा खेलाडीहरुलाई प्रतियोगिताका मुख्य प्रायोजक स्व.रञ्जित गुरुङका छोरी ज्वाँई मेजर खुसिमान गुरुङ 'एमभिओ' र छोरी मञ्जु गुरुङ, प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङ, बगर भाई खलक यूकेका अध्यक्ष दिलरास गुरुङ, तमु धि यूकेका अध्यक्ष हितकाजी गुरुङ, सहारा युकेका अध्यक्ष रि.ले कुशाङ गुरुङ, सहारा युकेका निवर्तमान अध्यक्ष कुमार गुरुङ, बगर भाई खलकका संस्थापक अध्यक्ष चन्द्रमान गुरुङ 'सिएम', वगर भाई खलकद्वारा सम्मानित व्यक्तित्व महेश गुरुङ लगायतले शिल्ड, मेडल, ट्रफी र नगद वितरण गरेका थिए।

४० बर्ष देखि ६५ बर्षको उमेर समुहका पाका खेलाडीहरुको खेलबाट नयां पिढीलाई खेलकूद प्रति अभिरुची जगाई भविष्यमा खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको उक्त प्रतियोगितामा २५ टिमको सहभागिता रहेको संस्थाका अध्यक्ष दिल बहादुर गुरुङले बताएका छन्।

उक्त प्रतियोगिता सफल बनाउन बिगत वर्षमा झैं यस बर्ष पनि सहारा युकेले द्वितिय पुरस्कार ७५ हजार ५ सय ५५ प्रायोजन गरेको थियो भने नेपालको चौधरी ग्रुप समेतले सह प्रायोजन गरेको थियो। यसै गरी बगर भाई खलक यूकेका अध्यक्ष दिलरास गुरुङले नगद एक लाख सहयोग गरेका थिए। पूर्व राष्ट्रिय खेलाडी ओम गुरुङले ८ थान बल र नगद २० हजार प्रदान गरेका छन्।




# प्रिन्स योनेक्सको ब्राण्ड एम्बेसडर बने



**काठमाडौं/मस-**बिश्व जुनियर ब्याडमिन्टनमा एक नम्बरमा उक्लन सफल नेपाली खेलकुद एवं ब्याडमिन्टनका शान प्रिन्स दाहाल योनेक्स नेपालको ब्राण्ड एम्बेसडरमा चयन भएका छन्। प्रिन्सलाई सम्मान गर्न काठमाण्डौमा आयोजित एक कार्यक्रममा योनेक्सको नेपाली आधिकारीक वितरक संस्था इनासका प्रोपाईटर राजु बास्तोलाले प्रिन्सलाई एक बर्षको लागि नेपालको ब्राण्ड एम्बेसडरमा चयन गरेको बताए। कार्यक्रममा संस्थाले दाहाललाई नगद २ लाख सहित प्रशंसा पत्रले सम्मान गरेको थियो।

प्रिन्सले ब्राण्ड एम्बेसडर भए बापत एक बर्ष सम्म आवश्यक योनेक्सका सम्पूर्ण सामाग्री प्राप्त गर्ने र प्रयोग गर्ने छन् भने हाललाई एशियाली देशहरुमा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागिता जनाउने क्रममा हवाई यातायातको खर्च ब्यहोर्ने प्रोपाईटर बास्तोलाले जानकारी गराए।

प्रिन्स हालै बिश्व ब्याडमिन्टन महासंघले प्रकाशित गरेको बरियता क्रममा जुनियर तर्फ नम्बर एकमा पुग्न सफल भएका थिए।

# बागमती सेमिफाइनलमा प्रवेश




**काठमाडौं/मस-**प्रधानमन्त्री कप टी २० क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा बागमती प्रदेश प्रवेश गरेको छ। शनिबार भएको खेलमा गण्डकी प्रदेशलाई ४० रनले पराजित गर्दै बागमतीले अन्तिम चारमा स्थान पक्का गरेको हो।

समूह बीमा रहेको बागमतीको ६ अंक भएको छ। समूह बी बाट एपिएफ ४ खेलमा अपराजित रहँदै सेमिफाइनलमा पुगि सकेको छ। बागमती ४ खेलमा ३ मा जित र १ मा हार सहित ६ अंक जोड्दै सेमिफाइनलमा स्थान पक्का गरेको हो।१ सय ४४ रनको विजयी लक्ष्य पछ्याएको गण्डकीले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १ सय ३ रन बनायो। गण्डकीका विधान श्रेष्ठ, दीपक डुम्रे, सन्दीप क्षेत्री, गोविन्द विक र कप्तान विशाल पौडेलले समान १०-१० रन बनाएका थिए। बागमतीका नन्दन यादव, विपिन आचार्य र सुवास खत्रीले २-२ विकेट लिए। बायाँ हाते तीव्र गतिका बलर प्रतिश जि.सी, रामनरेश गिरी र रिजन ढकालले १-१ विकेट लिएका थिए।

टियु क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको बागमतीले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १ सय ४३ रन बनाएको थियो। बागमतीका प्रतिश जि.सी.ले मात्र ८ बलमा ३ छक्का र २ चौकासहित अन्त्यतिर आक्रामक २७ रन जोडेका थिए। विपिन आचार्यले १९ बलमा ३ चौकासहित सर्वाधिक ३० रन बनाए। ओपनर सुवास खकुरेल ३० बलमा २ चौका र १ छक्कासहित २७ रन जोडे।

एपिएफले समूह ए को उपविजेतासँग सेमिफाइनल खेल्नेछ। समूह ए को उप विजेतामा त्रिभुवन आर्मी क्लब र प्रदेश १ दौडमा छन्। बागमतीले समूह ए को विजेता नेपाल पुलिस क्लबसँग सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ।

समूह ए मा पुलिस ३ खेलमा अपराजित रहँदै ६ अंकका साथ समूह विजेता बन्दै सेमिफाइनलमा पुगि सकेको छ। पुलिसले शनिबार प्रदेश १ सँग अन्तिम खेल खेल्ने कार्यक्रम थियो। तर प्रदेश १ का खेलाडीमा कोरोना आशंका भएपछि स्थगित भएको थियो। त्रिभुवन आर्मी क्लब ४ खेलमा २ मा जित र १ मा हार सहित ५ अंकका साथ दोस्रो स्थानमा छ। प्रदेश १ ले बाँकी दुई खेलमा विशाल जित हात पारेको खण्डमा आर्मी र प्रदेश १ को समान ५-५ अंक हुनेछ।


## कतार र कुवेतमा रोजगारको अवसर

१. कम्पनी: ALNABRASS TAILOR शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०९/३० चलानी नं.: ६०१७२७८४ LT. No.:256164

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 1 | 0 | स. काममा दक्ष | 1100 | ३५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ELEVEN COFFEE RESTAURANT & CAFE COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०९/३० चलानी नं.: ६०१७२७८५ LT. No.:256163

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 6 | 0 | स. काममा दक्ष | 150 | ५८,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ९ गते (20 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

CONFIDENT INTERNATIONAL MANPOWER PVT. LTD.
Govt. Lic. No. 1423/074/075
Confident International Manpower Pvt. Ltd.
Address: Sinamangal- 09, Kathmandu | Tel: 4112748
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

## साउदीमा रोजगारको अवसर

१. कम्पनी: HATEM AL SAFI TRADING EST. शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/०९/२८ चलानी नं.: ६०१७२६३९ L.T. No.: 256070

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Window Cleaner | 5 | 0 | स. काममा दक्ष | 1200 | ३७,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: WATER PURIFICATION PLANT AHMAD AL ARAJAN शहर: TABUK
पूर्व स्वीकृत मितिः २०७८/०९/२८ चलानी नं.: ६०१७२६३७ L.T. No.: 256073

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ३७,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: NORA NASSER SAAD AL BUGAMI शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/०९/२९ चलानी नं.: ६०१७२६३४ L.T. No.: 256174

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: HOME FOOD RESTAURANT शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/०९/२८ चलानी नं.: ६०१७२६३६ L.T. No.: 256072

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३७,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: DURRAT MALAZ CAR WASHING शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/०९/२८ चलानी नं.: ६०१७२६३८ L.T. No.: 256071

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३७,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ ९ गते (23 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३८८३८०, ४३८२५३३, फ्याक्स: ४३८८३८१



# कम्पनीको मुहार फेर्ने विषयमा मेरो प्रयत्न रहनेछ

विद्युत उत्पादनको ठुलो सम्भावनालाई मध्यनजर गर्दै राज्यले विद्युत उत्पादनको क्षेत्रमा लगानी गर्ने तथा लगानी जुटाउनको लागि भूमिका खेल्ने भिन्नै निकाय हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको स्थापना गरेको छ । तर स्थापनाको १ दशकमा पनि कम्पनीले निर्धारित उद्देश्यअनुसार नतिजा हासिल गर्न सकेको छैन् । राज्यको पुर्ण स्वामित्वमा रहेको उक्त कम्पनीसँग रहेको पुँजीको ठुलो स्रोत कानुनको अभावमा जलविद्युत क्षेत्रमा लगानी गर्ने भन्दा पनि बैंकको मुद्दती खातामा थन्किन पुगेको छ । प्रस्तुत छ, नेपालको जलविद्युत क्षेत्रमा लगानी गर्नको लागि खोलिएको विशिष्टकृत संस्था हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत **अर्जुनकुमार गौतम**सँग **मध्यान्ह राष्ट्रिय दैनिक**का संवाददाता **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

**कम्पनीको स्थापनाको क्रममा विभिन्न संस्थाहरुलाई लक्षित गरेर जारी गरिएको हकप्रद सेयरमा ती संस्थाहरुले लगानी गरेको देखिएन नी । किन यस्तो अवस्था आयो ?**

हकप्रद सेयर लगानी गर्ने भन्ने कुरा सम्बन्धित पक्षको स्व-इच्छाको विषय हो । उनिहरुले त्यो हकप्रद सेयर खरिद गर्न पनि सक्छन्, नगर्न पनि सक्छन् । त्यो कुरा उनिहरुलाई कानुनले छुट दिएको छ । सोही अधिकारको प्रयोग गरेर खासगरी हाम्रा संस्थागत लगानीकर्ताहरुले अग्राधिकार सेयर खरिद नगरेका हुन् । यो नगरेको कारण चाहिँ के हो भन्ने विषयमा धेरै विष्लेषण गर्नुभन्दा विगतमा यस कम्पनीले जे जस्तो प्रतिफल दिएको छ । सो को आधारमा हकप्रद सेयरमा सम्बन्धित पक्षले लगानी नगर्ने निर्णय गरेका होलान् ।

फेरी प्रचलित कानुनकै आधारमा हकप्रद सेयरमा सम्बन्धित पक्षले लगानी नगरेपछि त्यसलाई लिलामको प्रकृयामा अगाडि बढाउनुपर्ने हुन्छ । सो अनुसार कम्पनीले लिलामको प्रकृयालाई अगाडि बढायो । कम्पनीको संस्थापक सेयर हुनको लागि कम्तिमा १ करोड कित्ता सेयर हुनुपर्ने भन्ने प्रावधान थियो । त्यो भनेको १ अर्ब बराबरको सेयर खरिद गर्नु हो । यती ठुलो मात्रामा लगानी गर्ने व्याक्ति वा संस्था नभएर होला सो हकप्रद सेयर लिलाम हुन सकेन् । अब हामीले कम्पनीको विद्यमान प्रावधानमा केही परिमार्जन गरेर पुन: सो प्रकृयालाई अगाडि बढाउँछौं ।

**त्यसोभए कम्पनीको कमजोर पर्फमेन्सका कारण छुट्याइएको हकप्रद सेयरमा सम्बन्धित पक्षले लगानी नगरेका हुन् ?**

त्यसो हुनसक्छ । किनकी लगानीकर्ताले जहिले पनि प्रतिफललाई हेरेर लगानी गर्ने गर्छ । जुन तीनवटा संस्था छन्, कर्मचारी संचय कोष, नागरिक लगानी कोष र नेपाल बीमा संस्थान, यी तिनवटै संस्था सरकारी निकाय भएपनि व्यवसायीक संस्थाहरु हुन् । यी संस्थाहरुले आयआर्जन गर्नुपर्छ र सो आयआर्जनमार्फत लगानीकर्तालाई प्रतिफल दिनुपर्छ ।

त्यसैले ती संस्थाहरुले प्रतिफल नहेरी लगानी गर्दैनन् र गर्नुपनि हुँदैन् । सोही हिसाबले हेरेर ती संस्थाहरुले लगानी नगरेका हुन् कि भन्ने मलाई लाग्छ ।

> हामीले सस्तो दरको वित्तीय साधनहरु परिचालन गरेर लगानी गर्न सक्यौं भने मात्रै लगानीकर्ताले पाउने प्रतिफल बढ्न जान्छ । त्यो बाटो हामी हिँड्नुपर्छ अनि मात्रै प्रतिफल बढ्छ ।

**कम्पनी प्रतिफल दिन कमजोर रहेको विषय त तपाईले नै स्विकार गर्नुभयो । तर पछिल्लो अवस्थामा कम्पनीको आर्थिक अवस्था कस्तो रहेको छ ?**

कम्पनी जुन उद्देश्यका साथ प्रारम्भ भएको हो, यथास्थितिमा कम्पनीलाई सञ्चालन गर्दाखेरी आज वा भोली कम्पनीको प्रतिफलमा त्यति ठुलो परिवर्तन हुँदैन् । विगत १० वर्षदेखिको प्रतिफललाई हामीले हेर्‍यौं भने करिब ६ प्रतिशतको हाराहारीमा हामीले प्रतिशेयर आम्दानी गरेका छौं । अहिलेसम्म कम्पनीको धेरै पैसा बैंकमा मुद्दती निक्षेपमा नै रहेको छ । अहिले भइरहेको यो आम्दानी पनि कम्पनीले बजारको ब्याजदरको कारणले भएको हो । यही आधारमा कम्पनीलाई सञ्चालन गर्दै जाने हो भने यसभन्दा धेरै आम्दानी बढ्न सक्ने अवस्था देखिँदैन् । अहिलेसम्म हामीले सेयर पुँजी संकलन गर्ने कुरा गरिरहेका छौं । तर अब यसबाहेक हामीले सस्तो दरको वित्तीय साधनहरु परिचालन गरेर लगानी गर्न सक्यौं भने मात्रै लगानीकर्ताले पाउने प्रतिफल बढ्न जान्छ । त्यो बाटो हामी हिँड्नुपर्छ अनि मात्रै प्रतिफल बढ्छ ।

**त्यसोभए अहिले कम्पनीको पुजी यसको मुल उद्देश्यभन्दा बाहिर लगानी भैरहेको छ है ?**

त्यसो त होइन् । तर विगत १० वर्षदेखि अहिलेसम्मको अवस्था हेर्दा अधिकांश रकम मुद्दती निक्षेपमा नै छ । यस्तो हुनु हुँदैनथ्यो ।

**अहिलेसम्मको तथ्यांकलाई हेर्दा कम्पनीले मुलत: के कस्ता आयोजनाहरुमा लगानी गरिरहेको छ ?**

लगानी सामान्यतया २ प्रकारको हुने गर्छ । एउटा ऋण लगानी, अर्को सेयर लगानी । ऋण लगानीको क्षेत्रमा यस कम्पनीले जलविद्युत विकास संग सम्बन्धित आयोजनाहरुमा, जसले हाइड्रोपावरको डेभ्लोप गर्छ, सो संग सम्बन्धित १२ ओटा आयोजनाहरुमा लगानी गरेको छ । त्यो पनि हामीले बैंकको सहवित्तीयकरणमा सहभागी भएर मात्रै लगानी गरेका छौं । हामीले किन धेरै लगानी गर्न सकेनौं भन्ने प्रश्न पनि उठ्न सक्छ । यस्तो किन भयो भने कम्पनीलाई राष्ट्रबैंकले ०६९ सालमा ऋण लगानी गर्ने स्वीकृति प्रदान गर्दाखेरी कम्पनीलाई कर्जा असुलीसम्बन्धी कानुनी पुर्वाधार नबनाएसम्म सहवित्तीयकरणमा सहभागी भएर मात्रै लगानी गर्ने भनेको छ । यसको कारण हामीले कुनै आयोजनालाई प्रत्यक्ष रुपमा एक्लै लगानी गर्न पाएनौं ।

खासगरी कम्पनीले सरकारी ठुला प्रोजेक्टहरुमा फाइनान्सिङ गर्न पाउनुपर्ने हो, त्यो गर्न सक्ने अवस्था रहेको छैन् । सेयर लगानी क्षेत्रमा कम्पनीले जलविद्युत विकाससंग सम्बन्धित ५ वटा र जलविद्युतसंग सम्बन्धित अरु कम्पनीमा हामीले लगानी गरेका छौं । कम्पनीले ऋण लगानी गरेका १२ ओटा आयोजना मध्ये ५ ओटा आयोजना अप्रेसनमा आइसकेका छन् । उनिहरुले ऋण चुक्ता गर्न थालेका छन् । ७ वटा आयोजनाहरु डेभलप्मेन्टको अन्तिम चरणमा छन् । कम्पनीले एनइए इन्जिनियरिङमा लगानी गरेको छ, जुन अहिले सञ्चालनको अवस्थामा र राम्रो रहेको छ । त्यस्तै ट्रान्समिसन, विद्युत व्यापार कम्पनी लगाएतमा लगानी रहेको अवस्था छ ।

**कम्पनीले आफ्नो रणनीति अन्तर्गत लगानीको सन्दर्भमा जोइन्ट भेन्चर अवधारणा पनि अगाडि सारेको छ । त्यसमा चीन र भारतसागको विषयलाई जोडेर अगाडि बढाउन खोजिएको छ । सो विषयमा के कति प्रगति भएको छ ?**

यसमा दुईवटा विषय छन्, पहिलो त हामीले पावर चाइना कर्पोरेसन संग २ वटा प्रोजेक्टहरु संयुक्त रुपमा लगानी गरेर अगाडि बढ्ने अवधारणा अन्तर्गत अगाडि बढाइएका हुन् । ती आयोजनाहरुको विषय अहिले अध्ययन वा प्रारम्भिक चरणमा नै रहेको अवस्था छ । यसमा हाम्रो पावर चाइनाप्रति नै डिपेन्डेन्सी हो । अर्को कुरा यो कम्पनी भनेको वास्तवमा एउटा वित्तीय संस्था हो । यस्ता ठुला प्रकृतिका आयोजनाहरु यस्तो प्रकृतिको संस्थाले अगाडि बढाउने कि नबढाउने भन्ने कुरा पनि वौद्धिक रुपमा छलफल हुन जरुरी छ । सो अनुसार चाइना कर्पोरेसन संग गरिएको एमओयुलाई केही परिस्कृत गरेर अगाडि बढाउनुपर्ने आवश्यकता हुनसक्छ ।

**आगामी दिनमा कम्पनीको पुजीगत क्षमता वृद्धि गर्नको लागि के कम्पनीले आइपिओ जारी गर्छ ?**

अहिले कम्पनीसंग साढे २३ अर्ब बराबरको चुक्ता पुँजी रहेको अवस्था छ । यो पुँजी भनेको कम्पनी सञ्चालनको लागि प्रयाप्त हो । पहिलो चरणमा यो भएको पुँजीलाई लगानीको सुनिश्चित गर्छौं । दोस्रो यो पुँजीलाई लेभ्रेज दिनेगरी अरु वित्तीय साधनहरुको परिचालन गर्छौं । यो भनेको कम्पनीले बोण्ड जारी गर्न सक्छ । वैदेशिक ऋण लिन सक्छ । बैंक तथा वित्तीय संस्थाबाट हामीले ऋण लिन सक्छौं । जसमार्फत हामीले ३ गुणा बढी पुँजीको परिचालन गर्न सक्छौं । व्यवसायको आकारमा वृद्धि हुँदै गयो भने भोलीको पुँजी वृद्धिको आवश्यकता देखियो भने स्वभाविक रुपमा पुँजी वृद्धि गर्ने कार्यक्रम अगाडि बढ्न सक्छ । पुँजी वृद्धि गर्नको लागि आइपिओ नै जारी गर्न पर्छ भन्ने छैन् । बोनस सेयर मार्फत पनि पुँजी वृद्धि गर्न सकिन्छ ।



> मुख्य कुरा लगानी गर्ने कार्यक्रमलाई छोडेर हामी विद्युत उत्पादन गर्नेतर्फ लाग्यौं । अहिले हामी क्लियर छौं । यो वित्तीय संस्था हो हामीले लगानीलाई प्राथमिकता दिने हो ।

**नेपालको जलविद्युत क्षेत्रमा वैदेशिक लगानीको आकर्षणको अवस्था कस्तो रहेको छ ? सो सन्दर्भमा यो कम्पनी स्वयंले केही पहल गरिरहेको छ ?**

सरकारले १५ हजार मेगावाट विद्युत उत्पादनको लक्ष्य लिएको छ । त्यो १५ हजार मेगावाट विद्युत ५/१० वर्षमा उत्पादन गर्नका लागि हाम्रो आन्तरिक स्रोतले मात्रै पुग्दैन् । त्यसको लागि हामीले वैदेशिक ऋण वा लगानी भित्र्याउनै पर्दछ । वैदेशिक लगानी भित्र्याउने भन्ने कुरा सरकारको नीति, रणनीति, कार्यक्रम, कानुन र प्रकृयाहरुमा पनि निर्भर रहन्छ । वास्तविकतामा हेर्दा ठुला आयोजनाहरुमा वैदेशिक लगानीको प्रतिवद्धता भएतापनि प्रकृया पुरा गरेर लगानी भित्रिएको देखिदैन् । यो कम्पनीको सन्दर्भमा हामीले अहिले भएको पैसालाई लगानी गरिसकेपछि बाँकी विश्वसनिय आयोजनाहरु प्राप्त भए भने त्यसको लागि बैकल्पिक वित्तीय स्रोत परिचालन गर्ने सन्दर्भमा वैदेशिक लगानीको खोजी गर्छौं ।

**कम्पनीले तय गरेको चार वर्षे रणनीतिमा प्रगति अति सुस्त भएको विषयलाई स्विकार गरिएको छ । संस्थागत क्षमता, नेतृत्व क्षमता वा नीतिगत कमजोरी वा के कारणले गर्दा यो परिस्थिति सिर्जना भयो होला ? के निष्कर्षमा पुग्नुभएको छ ?**

> संकुचित दायराभित्र बसेर हामीले लगानी गर्न सक्ने अवस्था थिएन् । दोस्रो कुरा लगानीको अवसर वा वातावरणको विषयमा कुरा गर्दा निजी क्षेत्रले अगाडि बढाएका बाहेक पनि सरकारी क्षेत्रले अगाडि बढाएका आयोजनाहरुमा हामीले लगानी गर्छौं भन्न सक्नुपर्दथ्यो ।

यसमा चारवटा विषय रहेका छन् । पहिलो हामीलाई के म्यान्डेट प्राप्त थियो भन्ने कुरा महत्वपुर्ण हो । दोस्रो कुरा हामीलाई लगानी गर्नको लागि के कस्ता अवसरहरु थिए ? अनि तेस्रो विषय हामीले लगानी गर्नको लागि अवलम्बन गरेको प्रकृया कस्तो छ भन्ने विषय हो । त्यस्तै चौथो विषय हामीले काम गर्नको लागि संस्थागत क्षमता कस्तो रहेको छ ? यी चारवटा विषयहरुको विश्लेषण नगरीकन हामीले खास कमजोरी के हो भन्ने विषय पत्ता लगाउन सक्दैनौ । पहिलो हामीलाई म्यान्डेट नै कम भयो । ०६९ सालमा नेपाल राष्ट्रबैंकले के भन्यो भने यो कम्पनीले वित्तीय संस्थाको सहलगानीमा जोडिएर मात्रै ऋण लगानी गर्न पाउनेछ । आजको दिनसम्म पनि त्यही म्यान्डेट भ्यालिड छ । तर अहिले हामीले त्यसलाई खुकुलो बनाउने प्रयत्न भने गरिरहेका छौं । त्यो भनेको संकुचित दायराभित्र बसेर हामीले लगानी गर्न सक्ने अवस्था थिएन् ।

दोस्रो कुरा लगानीको अवसर वा वातावरणको विषयमा कुरा गर्दा निजी क्षेत्रले अगाडि बढाएका बाहेक पनि सरकारी क्षेत्रले अगाडि बढाएका आयोजनाहरुमा हामीले लगानी गर्छौं भन्न सक्नुपर्दथ्यो । यो विषयमा न राज्यले हामीलाई भन्यो, न ति निकायहरुले भने, न त हामीले नै जागरुकता देखाए पहल गर्‍यौं र नत हामीलाई त्यो म्यान्डेट थियो । समग्रमा विगतमा हाम्रो लगानीको वातावरण वा अवसर उपयुक्त भएनछ । तेस्रो विषयमा तेस्रो हाम्रो लगानीको प्रकृया वा विधि पद्दतीको विषय हेर्दा, यो सरकारी निकाय हो । यहाँ हामीले निजी क्षेत्रमा जस्तो छिटो छरितो निर्णय गर्न पनि सक्दैनौं । यसका आफ्नै विधि प्रकृया छन् । प्रकृयाको विषयमा हामी अलिकती कन्जरभेटिभ भयौं होला जस्तो लाग्छ । चौथो विषयमा हाम्रो संस्थागत क्षमता पनि कमजोर भयो होला । समस्या उल्लेखित सबै कारणहरुले भए होलान् । मुख्य कुरा लगानी गर्ने कार्यक्रमलाई छोडेर हामी विद्युत उत्पादन गर्नेतर्फ लाग्यौं । अहिले हामी क्लियर छौं । यो वित्तीय संस्था हो हामीले लगानीलाई प्राथमिकता दिने हो ।

**अन्त्यमा, तपाईंको नेतृत्वमा आगामी दिनमा कम्पनीलाई सफलता दिलाउन के कस्ता थप कार्यक्रम अगाडि बढाउदैं हुनुहुन्छ ?**

हाम्रो अगाडि केही महत्वपुर्ण विषयहरु रहेका छन् । ति विषयहरुलाई कार्यालयले अगाडि बढाउने हो । पहिलो, हामीसंग रहेको पुँजीलाई लगानी गर्ने, त्यसका लागि राष्ट्रबैंकमार्फत नयाँ स्वीकृति भएपछि १ डेढ वर्षमा हामी सबै पैसा लगानी गर्न सक्छौं । दोस्रो, कम्पनीको प्रबन्धपत्र र नियमावलीका आधारमा वित्तीय स्रोतको परिचालन गरी लगानी गर्ने । जसमार्फत हामीले ठुला मेगा प्रोजेक्टहरुमा लगानी गर्न सक्छौं । तेस्रोमा हामीले संस्थागत सुधार, संस्थागत सुसाशन, आदि लगाएत आन्तरिक सुधारहरु हामीले गर्नुपर्छ । पब्लिक, सरकार र लगानीकर्ताले विश्वास गर्नको लागि यो अनिवार्य रहेको छ । अबको चारवर्षमा कम्पनीको मुहार फेर्ने विषयमा मेरो अधिक प्रयत्न रहनेछ ।

## रेडक्रस उपशाखा कल्याणपुरका पदाधिकारीमाथि अनियमितताको आरोप

**राजेन्द्र महतो /मध्यान्ह**
सिरहा, माघ १

सिरहा कल्याणपुर नगरपालिका स्थित नेपाल रेडक्रस सोसाइटी उप-शाखा कार्यालयका उपसभापति, सचिव र कोषाध्यक्षको मिलेमतोमा अनियमितता भएको सभापतिले आरोप लगाएका छन् ।

नेपाल रेडक्रस सोसाइटी उप-शाखा कल्याणपुरका सभापति महेश्वर यादवले एक बिज्ञप्तिमार्फत उपसभापति, सचिव र कोषाध्यक्षको मिलेमतोमा ब्यापक अनियमितता भएको आरोप लगाएका हुन् ।

उपसभापति लगायतले आर्थिक कारोबार बैंकबाट नगरेर नगदै नगरेको र कोषाध्यक्षले आफ्नै नातेदार सत्य नारायण साहबाट लेखा परिक्षण गराई आर्थिक अनियमितता गरेको आरोप सभापति यादवको छ । अनियमिततालाई ढाकछोप गर्न अबैधानिक तरिकाबाट उप-शाखाको सभा समेत गरेको उनले बताएका छन् । उक्त साधारण सभामा कोषाध्यक्ष राम नारायण साहले कपोकल्पित रुपमा आफुमाथि ८२ लाखको अनियमितता गरेको भनि लगाएको आरोप झुठो रहेको बिज्ञप्तिमा उल्लेख गरेका छन् ।

सभापति यादवका अनुसार आफुलाई अनियमितताको आरोप लगाइएको बराबर रकमको कारोबार नै अहिलेसम्म उपशाखाबाट भएको छैन्, जुन कुराको प्रमाणित लेखा परिक्षण प्रतिवेदनहरुबाट नै हुन्छ । उप शाखाको कोषाध्यक्ष राम नारायण साहले आर्थिक कारोबारसंग सम्बन्धित सम्पुर्ण कागजातहरु आफ्नै अधिनमा राखी अनियमित तरिकाबाट कारोबार गर्ने गरेको सभापति यादवको आरोप छ ।

उनले रकमको हिनामिना गर्ने कुरामा आफुले असहमति जनाउँदा कोशाध्यक्ष, उपसभापति र सहसचिवले ०७७/०७८ मा ८ लाख ४१ हजार बराबरको नगद कारोवार गरी अनियमितता गरेको आरोप लगाएका छन् । साथै कोषाध्यक्ष साहले ०७६/०७७ को लेखा परिक्षण प्रतिवेदन अनुसार पनि ९४ हजार ४६ रुपैयाँ अनियमितता गरेको र त्यसको विषयमा जिल्ला शाखामा उजुरी दिएको कुरा उनको बिज्ञप्तिमा उल्लेख छ ।

प्रदेश नम्बर २ का प्रदेशसभा सदस्य तथा पुर्व राज्यमन्त्री सुरेश कुमार मण्डलको संसदीय विकास कोषबाट खरिद गरिएको एम्बुलेन्समा दाताको नाम लेखाइलाई राजनितिकरण गर्न खोज्दा सफल हुन नसकेपछि राजनैतिक पुर्वाग्रहका कारण आफुलाई बद्नाम गर्न खोजिएको सभापति यादवको तर्क रहेको छ । उनका अनुसार नेपाल रेडक्रस सोसाइटीको बिधान बिपरितका गतिबिधिहरुमा संलग्न रहेका तिनजना पदाधिकारीका कारण उप-शाखाको बदनाम भएको, समयमा बैधानिक रुपमा सभा हुन सकेको छैन् । पौष मसान्त भित्र सम्पन्न गर्नुपर्ने उप-शाखाको निर्वाचन कार्य पनि हुन सकेको छैन् । तर उपासभापति राम नारायण साहले भने बिधान बिपरित नभएर बिधान बमोजिम नै सभा गरेको बताए । उनका अनुसार जिल्ला शाखाका कारण उपशाखा बिबाद चुलिएको हो ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**